बौद्ध मासिक

# धर्म चक्षु

वर्ष ११ अंक २ पूर्णाङ्क ५८ असार-२०६५ बुद्ध सम्वत् २५५२ ने.सं. ११२८ June 2008



लुम्बिनीस्थित भियतनाम बुद्धविहार

# DHARMA CHAKSHU

मूल्य रू. २०/-

# हार्दिक शुभकामना



अकलादेवी गुरुङ

बौद्ध अर्घौ सदन, पोखराका अग्रणी उपासिका छोरी **अकलादेवी गुरुङ** न्यूनीब्रत, ध्यान भावनामा लीन भई तथा सदनको सेवा कार्यमा सधैं अग्रसर भएर बुद्धधर्मको प्रचार प्रसारमा पुऱ्याउनु भएको महत्वपूर्ण योगदानको कदर गरेर बुद्ध जयन्ती समारोह समिति, कास्कीद्वारा २५५२ औं बुद्ध जयन्तीको पावन उपलक्ष्यमा २०६५ जेष्ठ ७ गते पोखरामा आयोजित धार्मिक सभामा सम्मानित हुनु भएकोमा हामीलाई धेरै खुशी लागेको छ ।

हामी उहाको सुख, सुस्वास्थ्य र दीर्घायुको कामना गरी उहाको उत्तरोत्तर उन्नति र प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**बिलबहादुर गुरुङ**

**मनोकामना पेट्रोल पम्प**

*बुद्धचोक, पोखरा*

Wondershare PDFelement

बौद्ध मासिक

# धर्म चक्षु

THE DHARMA CHAKSHU Buddhist Monthly – Pokhara, Nepal

धर्मशीला बुद्ध विहार, धर्मशीला मार्ग, नदीपुर, पोखरा फोन: ५२०५१७

वर्ष - ११ अङ्क - २, पूर्णाङ्क -५८ ....... असार-२०६५

बुद्ध संवत-२५५२ ने.सं. ११२८ / June: 2008

**प्रधान सम्पादक**

भिक्षु श्रद्धानन्द- ५२०५१७

**प्रकाशक**

ज्ञानमाला संघ

**व्यवस्थापक**

अनागारिका कर्मशीला

(संस्थापिका, धर्मशीला विद्वत वृत्ति)

**सह व्यवस्थापक**

युवा बौद्ध संघ

*(विकाशरत्न शाक्य, चेतन सिं ताइवे, बलराम लामा)*

**काठमाडौं प्रतिनिधि**

सविता धाख्वा शाक्य

**सहयोगीहरु**

याम कुमारी गुरुङ, बलबहादुर अधिकारी, सनकमान सी.के.

**सम्पर्क कार्यालय**

सम्पादक: तिलकमान गुभाजू

१४४ - नयाँ बजार, पोखरा - ८

फोन:- ५२०२४६

**मुद्रण**

हिमालय अफसेट प्रेस, नयाँ बजार

## विषय सूची

- सम्पादकीय.......................................२
- शान्ति र प्रगतिको संवाहक :बुद्धोपदेश
  *भिक्षु कौण्डन्य*.......................................३
- बुद्ध धर्म र आधुनिक विज्ञान
  *आर. बि. वन्द्य*.......................................७
- प्रगतिशील दलाई लामा
  *स्वामी आनन्द अरुण*.......................................९
- विपश्यना: मानवकल्याणको साधना
  *मुरली रन्जित*.......................................११
- पिपल: बुद्धधर्म र वातावरण संरक्षण
  *अञ्जली आस्था*.......................................१३
- अनुभवले देखायो-धर्म निरपेक्षको आवश्यकता
  *कुसुम केशव पराजुली*.......................................१७
- Buddha's World
  Dharam Gurung.......................................१९
- नालन्दाले पुनर्जीवन पाउने
  *हिमेश बज्राचार्य*.......................................२०
- धर्मशीला केन्द्रको उतीर्ण विद्यार्थी.......................................२१
- समाचार.......................................२२
- शान्ति स्तम्भ.......................................२४

# बौद्ध संघ संस्थाहरुको सक्रियताको अपेक्षा

मानिसहरु शान्ति शान्ति भनेर कराइ रहेछन्। शान्ति चाहियो भनेर दौडधुप गर्दैछन्, भौतारिदैछन्। सभा, सम्मेलन गर्दछन्, कहिले काही आपसमा कुराकानी गर्दछन्, कुरा मिलाउँछन् र सहमतिमा पनि पुग्छन। केही समय शान्ति छाएको पनि देखिन्छ। तर जब अर्को अध्याय थपिन्छ या जीवन यात्रामा अर्को मोडमा पुगिन्छ, तव फेरि उही लुछाचुडी, उही भागवण्डा, उही घुर्की र अशान्ति, फेरि हातहतियार र युद्धको धम्की, काट्ने मार्ने जबर्जस्ती कुरा गर्दछन र शान्ति भङ्ग हुन्छ।

कतै भजन कीर्तन गरेर शान्ति खोज्छन। यज्ञ महायज्ञको आयोजना गरेर शान्ति खोज्छन। प्राणी मात्रको अत्यावश्यक एवं संसारमा नै अभाव भएको अन्न यज्ञकुण्डको अग्नीलाई स्वाहा गरी शान्ति प्राप्त भएको अभिनय गर्दछन। त्यसबाट ठूलो अभीष्टता प्राप्त भएको ठान्दछन र दङ्ग पर्दछन। उनीहरु खान नपाएर हजारौ मानिसहरु तड्पिरहेका एवं पौष्टिक आहार नपाएर बालबालिकाहरु पिल्सिरहेका देख्दैनन्। प्राणीहरुको बलि दिएर पनि शान्ति कामना गरेको सुनिन्छ। यस्तै-यस्तै काम कुरा जनजीवनका अन्य क्षेत्रमा पनि भैरहेका छन्।

समाजमा भैरहेका यस्ता काम कुराहरु हेर्दा शान्ति कुन चरीको नाम हो सोध्न मन लाग्छ। अन्धाहरुले हात्तीको एक एक अग स्पर्श गरेर हात्तीको आकारको वर्णन गरेझै गरी हाम्रा अग्रजहरुले शान्तिको कुरा गरिरहेका छन। त्यसै क्रममा कसैकसैले र कहिले काही शान्ति नायक भगवान बुद्धको नाम पनि लिन्छन र भगवान बुद्धको जन्म स्थल लुम्बिनीमा पुगेर शान्तिको लागि प्रतिबद्ध हुने प्रतिबद्धता पनि व्यक्त गर्दछन। त्यो प्रतिवद्धता सुन्न र देख्नेहरु दङ्ग पनि पर्दछन। हाम्रा अग्रजहरुले गर्ने त्यस्ता प्रतिवद्धताहरु जड्याहाहरुले भोलिदेखि जाड रक्सी खादै खान्न भनेर गरेका प्रतिबद्धता जस्तै भएका छन।

अपराधी, हत्यारा एवं हातहतियार साधमा राख्नेहरुले शान्ति नायक भगवान बुद्धलाई सम्झनु र लुम्बिनीमा पुग्नु एक प्रतीकात्मक कुरा निश्चय नै हो। भित्री मनदेखि त्यसो गरिएको हो भने त्यो एक असल शुरुवात हुन सक्दछ। त्यसले उनीहरु भित्रको शान्तिको अणु परमाणुलाई स्पर्श गर्न सक्ला, तर बिस्फोट गरी शक्ति उत्पादन गर्न सक्दैन। त्यत्तिले मात्र शान्तिको प्रवाह प्रवाहित गर्न सक्दैन। भगवान बुद्धले एक पटक आफूप्रति मोहित भएर अनुहार हेरिरहेका उपासकलाई मेरो अनुहार मात्र हेरेर के गर्छौ, भनेर प्रश्न गर्नु भएको थियो। उहाले सक्छौ भने मेरो मार्गको अनुशरण गर, अनि फल पाउन सक्छौ भनी भन्नु भएको यहा स्मरणीय छ।

मुख्य कुरा भगवान बुद्धको आदर्श, शिक्षा र सिद्धान्त हो। उहाले देखाउनुभएको मैत्री, करुणा र अहिंसाको बाटो हो। बाँच र बाँच्न देउ भन्ने सह-अस्तित्वको भावना हो। पञ्चशीलको पालना हो। आर्य अष्टाङगीक मार्गको अनुशीलन र अनुशरण हो। हामीले यी कुराहरु राम्ररी बुझ्यौ र व्यवहारमा अपनाउने प्रयास गर्‍यौ भने आपराधिक प्रकृति हामीबाट हराउन सक्छ, हत्या हिंसा र बदलाको भावना अनावश्यक महशूस हुन सक्छ र हतियारको मोह भङ्ग हुनसक्छ। हामीले भगवान बुद्ध र बुद्धको जीवनी नियाल्यौ भने के पाउछौ भने उहाले कहिल्यै हातहतियार लिनुभएन। हातहतियार विना नै उहाले क्रान्ति गर्नुभयो - सर्वाधिक महत्वपूर्ण एवं युगान्तकारी परिवर्तन गर्नुभयो। जसलाई विश्वकवि रविन्द्रनाथ टैगोरले मुक्तकण्ठले प्रशंसा गर्नुभएको छ। उहाले भन्नु भएको छ- बुद्ध धर्मको युगमा नै मुक्ति सिद्धान्तको विस्तार भयो, यसले समस्त मानिसहरुलाई अंगिकार गरेर उनीहरुको विकृत एवं हीन भावनामा नव प्राण संचार गरिदियो।

भगवान बुद्धले समाजमा विद्यमान जातीय उचनीचको भावना हटाई दिनुभयो। छुवाछुतको भावना मेटाई दिनुभयो। शोषणको अन्त गर्नुभयो। समानताको व्यवहार अपनाउनु भयो। अपराध, हत्यारा र कुलतमा लागेकाहरुलाई पनि सम्झाई बुझाई उनीहरुको मन परिवर्तन गरी समाजको रचनात्मक कार्यमा लगाउनु भयो। सबै दुख निवारण गर्ने कार्यमा लागे। जसले गर्दा समाजमा समझदारी बढ्यो, सद्भाव बढ्यो, मैत्री भावना फैलियो। अहिंसामा मानिसहरु यत्ति निलिंत भए कि अहिंसा समाजको संस्कृति बन्यो। हत्या, हिंसा बर्जित भयो। समाजमा शान्ति छायो। सबै सुख र शान्तिपूर्वक रहन थाले।

हामी अहिले नया नेपाल बनाउन अग्रसर छौ। नया नेपालको संविधान बनाउने क्रममा छौ। यस्तो बेलामा बुद्धको देश नेपाल भनेर सम्झनु बुद्धका आदर्श, शिक्षा सिद्धान्तका कुरा अपनाउनु तथा तिनीहरुका प्रतीकात्मक कुरा संविधानमा उल्लेख गर्नु अति आवश्यक छ। हामीले त्यसो गर्‍यौ भने बुद्धको देश नेपाल भन्नुको सार्थकता रहनेछ। नेपालको विशिष्टता अरु बढ्नेछ र विश्वमा नेपालको मान, सम्मान र प्रतिष्ठा अरु उच्च हुनेछ।

तर यी काम कुरा त्यसै हुने होइन। त्यसको लागि प्रचार प्रसार चाहिन्छ। संगठन चाहिन्छ, नेतृत्व चाहिन्छ। कुरा असलमा, बौद्ध संघ संस्थाहरुको सक्रियता चाहिन्छ। ती संघ संस्थाहरुले आफ्नो सकृयता अरु बढाउनु पर्दछ र एकले अर्कोसंग नजिकको सम्पर्क र सम्वन्ध राखी अघि बढ्नु पर्दछ, निरन्तर अघि बढ्नु पर्दछ।

# शान्ति र प्रगतिको संवाहक : बुद्धोपदेश

*- भिक्षु कोण्डन्य, बुद्ध विहार, भृकुटीमण्डप -*

सिद्धार्थ कुमारले संसारको वास्तविकता बुझ्न सम्पूर्ण ऐश-आराम, सुखैश्वर्यपूर्ण विलासिताले भरि एको सांसारिक- भौतिक जीवन तथा साथमा राजकीय जीवनलाई समेत तिलाञ्जली दिई जीवनको वास्तविकत-यथार्थ ज्ञानको खोजीमा हिंड्नुभयो। तत्कालीन नामूद कहलिएका विभिन्न धर्म र वादका कट्टरपन्थी एवं धार्मिक नेताहरुसित सत्संग गर्नुभयो, शास्त्रसम्मत अनेकौ कुराहरु सिक्नुभयो तर ज्ञानका पिपासु सिद्धार्थको प्यास भने मेटिएन। परन्तु उहाँले ६ वर्षसम्म स्वयं आफ्नै शरीरभित्र अविरलरुपमा भइर हने अवयव (अङ्गप्रत्यङ्ग) को क्रिया-प्रतिक्रियाहरुलाई चार स्मृतिप्रस्थान (कायानुपश्यना, वेदनानुपश्यना, चित्तानुपश्यना र धम्मानुपश्यना) भावना विधिद्वारा निरन्तररुपमा भाविता गर्दै, आत्म-अनुसन्धानमा गहिरि एर आत्म-गवेषणरुपी समुन्द्रमा तैरिनुभयो पछि वैशाख पूर्णिमा-स्वाँया पुन्ही (बुद्धपूर्णिमा) का शुभ-पावन दिनको बिहानीको शुभप्रभातसँगै उहाले संसारको यथार्थसत्यलाई अवबोध गर्नुभयो । भौतिक एवं अध्यात्मिक जगतलाई यथार्थरुपमा साक्षात्कार गर्नुभयो । त्यसपछि वर्तमान जीवनोपरन्त निरन्तर रुपमा प्रतिपल-प्रतिक्षण सजग र सतर्कता अपनाउने क्षमताको जागृति साथै शान्ति, निर्मल एवं निश्चलताले स्थान ओगट्यो र अनि उहाँ 'बुद्ध' हुनुभयो। उहाँमा चतुरार्य सत्य दर्शन तथा कार्यकारण सिद्धान्त अर्थात् प्रतीत्यसमुत्पाद निर्वाणमुखीक्षीणाश्रवी ज्ञानको उद्भव भयो।

बुद्धले आफूले प्राप्त गरेको धर्मदर्शनलाई जनमानसमा फिजाउने ध्येय लिई, दुखीजनहरुको घर को दैलो-दैलोमा पुगिकन विद्यमान परिस्थितिसँग निकटतम रही अवलोकन गर्दै सद्धर्मलाई जनसमक्ष उनीहरुको हित र सुखको लागि संचार गर्ने मनसाय अघि सार्दै करुणावतार तथागतले एउटा बाटोबाट एकैजना मात्र, गाउँगाउँ, नगर-नगर, शहर-शहर र देश-देशमा सद्धर्मरुपी बिगुल फुक्न आफ्ना अनुयायी शिष्य भिक्षुहरुलाई संबोधित गर्दै भन्नुभएको कुरा यहाँ मननीय छ- "भिक्षुहरु ! बहुजन हितको लागि बहुजन सुखको लागि, विश्वमाथिको दयाको लागि, देव र मनुष्यहरुको हित सुखको लागि चारिका गर। भिक्षुहरु आरम्भ, मध्य र अन्त्य समयसम्म कल्याण हुने धर्मको अर्थ र भावसहित उपदेश दिएर सम्पूर्ण परिशुद्धि ब्रह्मचर्य (धर्म) प्रकाश गर।" (महावग्ग, विनय पिटक)

यसरी बुद्धले आफ्नो धर्म-दर्शनलाई प्रचारमा ल्याइसक्दा उहाँ एक समाजसुधारक एवं नवीन समाजको संस्थापकका रुपमा परिचित हुनुभयो। किनकि उहाँले वर्णव्यवस्थामा आधारित जातिवाद, सामाजिक असमानता, आर्थिक उँचनीचको आधारमा गरिने भेदभाव, लैंगिक असमानता, धार्मिक शोषण एवं सामाजिक शोषण आदि मानवता विरोधी सामाजिक, धार्मिक एवं साँस्कृतिक सुसंस्कार, रीतिरिवाज र पर म्पराको विपक्षमा प्रगतिशील पाइला अगाडि बढाउन ठूलो पहल गर्नुभयो। यसको सफलताको लागि उहाँले असमानता तथा घृणाजन्य कुरालाई पन्छाउदै समता र मैत्रीउपर अधिक जोड दिनुभयो। बुद्धको उपदेश र शिक्षालाई सागरभन्दा गहिरो, आकाशभन्दा व्यापक मानिन्छ । मानव तथा प्राणीजगतको हितकामी-सुखकामी, व्यवहारिक जीवनको यथार्थताको धर तलसित मेल खाने र काल्पनिक तथा दार्शनिक दर्शनभन्दा पर जीवनको सुखकामी, हितकामी धर्मको रुपमा बुद्ध-शिक्षालाई धारण गरिन्छ।

आजकल हामीमध्येमा कोही-कोही यसो पनि भन्ने गर्छौं कि- बुद्धले अहिंसा-शिक्षाको अतिरिक्त अरु केही सिकाउदै सिकाएनन्। वास्तवमा यसो भन्नु र



Wondershare PDFelement

सीमिततामा संकुचित हुन खोज्नु सरासर गलत हो। बुद्धको दर्शनलाई हामी बहुआयामिक दृष्टिकोणले हेर्न सक्छौं, जुन जीवन र जगत्सित सम्वद्ध रहेको छ, अध्यात्मिक शान्ति प्राप्तिको पथसित गाँसिएको छ, तथा व्यवहारिक धरातलमा उभिएको छ। बुद्ध- शिक्षा एक जीवनोपयोगी अर्थात् जीवन जिउने कला जस्तै हो। हो, अवश्य पनि, अहिंसा जस्तो महान् आदर्श मूलक शिक्षा त बुद्धले सिकाएकै थियो। तर जुन आदर्श जवसम्म संसारले अनुशरण गर्दैन तवसम्म तिनीहरु अहिंसा, सह-अस्तित्वको सिद्धान्तमा बाँच्नै सक्दैनन्। आज विशेषत: अत्याधुनिक जैविक तथा आणविक शास्त्रास्त्रहरुको उत्पादन र विक्रीवितरण, परीक्षण तथा प्रयोगको होडवाजीले गर्दा विश्व-मानस त्राही-त्राही अवस्थामा बाँच्न वाध्य भएका छन्। बुद्धद्वारा प्रतिपादित शान्तिपूर्ण, सह-अस्तित्वको सिद्धान्तलाई शक्तिसम्पन्न राष्ट्रका कथित नेताहरुले एक नजर दिनेतर्फ सोच्न ढिलो गरेको खण्डमा २१ औं शताब्दीको शुरुआत्सँगै कुनै पनि वेला विश्वजगत् विनाशकारी तथा प्रलय एवं विध्वशकारी तेस्रो विश्वयुद्धको चपेटामा होमिनुपर्ने लक्षणहरु छर्लङ्गिन आइसक्यो भन्दा अत्युक्ति नहोला।

बुद्धले धर्मप्रचारको क्रममा मानव-मानववीच सामञ्जस्यता कायम राखिराख्न, आपसी झै-झगडा, बेमेल आदिलाई समन्वयात्मक रुप नैतिक सिद्धान्तलाई वढी जोड दिइएको पाइन्छ। सारांशत: बुद्धधर्मको मूल आधार नै नैतिकता हो भनेर भन्ने पनि गरिन्छ। बुद्धको धर्मप्रचारप्रसारमा नैतिकतालाई ठूलो जोड दिई आफ्नो धर्ममा नैतिकतालाई नै प्राथमिक आधारको रुपमा निर्देशन गर्नुभएको देखिन्छ। उहाले जसरी धर्मलाई अभिन्न अंग भनी मिकाए त्यसरी नै नैतिकतालाई।

वास्तवमा नैतिकता मानवको विभिन्न स्थितिहरुको एक सृजनात्मक रुप हो भनिन्छ। ईश्वर वादीहरु नैतिकतालाई ईश्वर प्रदत्प मान्छन् भने प्रकृतिवादीहरु भने यसलाई विकासको क्रमिक रुप मान्ने गर्छन् त कोही यसलाई अनुशासन हो भन्दछन्। नैतिकताको सवाल हरेक धर्म, वाद तथा सामाजिक संगठन आदि क्षेत्रहरुमा जोडिएका हामी स्पष्टरुपमा पाउछौं। हरक्षेत्र नैतिकतावाट प्रवाहित छन र यसले आफ्नो विशिष्ट स्थान ओगटेको छ। त्यसैले नैतिकता मानव जीवनको अपरिहार्य गहनाजस्तै भएको छ। जसरी गहनाले सुसज्जित जो कोही आकर्षक देखिने हुन्छ, त्यसरी नै नैतिकताले युक्त जो कोही सम्मानित हुन्छ र पूजिन्छ पनि। वास्तवमा मानव र पशुमा वुद्धि-विवेकको मात्र अन्तर छैन बल्कि नैतिकतामा भिन्नता रहेका हुन्छन। संसारमा कुनै पनि व्यक्ति, संस्था, समाज राष्ट्र, परराष्ट्र आदि सम्पूर्ण क्षेत्रमा आपसी सम्झौता र मेलमिलाप गर्नमा नैतिकताउपर विश्वासको ठूलो हात रहेको हुन्छ।

यता बुद्धधर्मको समस्त नैतिकता दुखको मान्यता तथा त्यसको निवारणमाथि आधारित रहेको मानिन्छ। बुद्धको उपदेश र शिक्षाअन्तर्गत प्रथम नैतिक सिद्धान्त नै मज्झिम प्रतिपदा अर्थात् मध्यममार्गलाई मानिन्छ। बुद्धले प्रथमवार सारनाथमा पाँच भद्रवर्गीयहरुका माझ "धर्मचक्र सूत्र" देशना गरी आफूमा भएको धर्म-दर्शन संचारको विगूल फुकी धर्मरुपी चक्रको संचार (घुमाउनु) गर्नुभएको त्यस महत्वपूर्ण सूत्रमा मध्यममार्गको सविस्तार व्याख्या गर्नुभएको पाइन्छ। यस सूत्रानुसार जीवनमा दुई कुराहरु (अन्त) वा उक्ति असेवनीय र त्याज्य छन्। प्रथमत: नितान्त भोगविलासयुक्त जीवन (कामसुखल्लियोगो कानो) हो त दोस्रो कठोर तपश्चर्याको जीवनयापन (अत्तकिलमथानुयोगो) गर्नु हो। वास्तवमा उपरोक्त दुवै कुरालाई जीवन सार्थक तुल्याउने कार्यमा बाधक तत्व मानिन्छन। नितान्त भोगविलासी हुनाले मानिसले आफूले के गर्नुपर्छ के गर्नुहुन्छ तथा सामाजिक मूल्य-मर्यादा एवं उत्तरदायित्वलाई समेत भुलिदिने हुन्छ त कठोर तपश्चर्याले मानिसको शरीर क्षीण हुदै चिन्तन शक्तिमा समेत नकारात्मक धक्का लाग्ने हुन्छ। यसर्थमा यी दुइटैलाई अतिमार्ग र जीवनमा बाधक तथा हानिकारक मानिन्छन्। सम्भवत: त्यसैले नै होला बुद्धले आफ्ना अनुयायीहरुलाई जीवनमा मध्यमार्ग अनुगमन गर्नेतिर वढी केन्द्रित हुन अधिक जोड दिनुभएको थियो।

वास्तवमा यथार्थतालाई स्वीकार्न पनि सजिलो

नहुदो रहेछ । दुखको वास्तविक स्थितिलाई स्वीकार गर ी त्यसलाई निराकरण (मुक्ति) गर्नेतिर प्रयत्नरतको लागि बुद्धद्वारा निर्देशित नैतिक मार्गले प्रत्येक वर्गलाई सिकाउँदछ - संसार दुखमय छ (दुख सत्य), दुखको कारण तृष्णा हो (दुख समुदय सत्य), दुखलाई निराकर ण गर्नुहुन्छ (दुख निरोधसत्य) र दुखबाट छुटकारा पाउने उपायहरु (दुख निरोधगामिनी प्रतिपदा आर्यसत्य) आठवटा छन् । यसैलाई नै नैतिकमार्ग पनि भनिन्छ । जसमा जीवनलाई ढालेर सन्तुलित तवरमा अगाडि बढाउदै लगे अध्यात्मिक जीवनको सफलता देखिने हुन्छ ।

दुख के हो, तृष्णाको अन्त्यबाट दुख समाप्त हुन्छ, कुशल र अकुशल छुट्याउन सक्नु र त्यसको मूल कारण जान्न सक्नु अर्थात् संक्षेपमा ठीक समझदार ीलाई नै सम्यक् दृष्टि भनिन्छ । नैष्कम्य- अव्यापाद- अविहिंसालाई दृढ भई पालना गर्नु अर्थात जीवन सफल पार्ने उद्देश्यको गन्तव्यमा पुग्ने तवरको संकल्प जसलाई सम्यक सकल्प भनिन्छ । वचनलाई सम्हालेर वचनद्वार ा हुने अपराधिक कार्यलाई रोकी सत्य बोल्नु, अप्रिय तथा कटु शब्द प्रयोग नगर्नु, परन्तु आकर्षक एवं प्रिय बोल्नुलाई सम्यक् वचन भनिन्छ । जीव हिंसा, चोरी डकैती, व्यभिचार आदि कुकर्मबाट वञ्चित भई निस्वार्थी भई परार्थी बन्ने काम सम्यक्-कर्म हुन जान्छ ।

यसरी नै शोषण- दमन गरी, भ्रष्टाचार, अन्याय, अत्याचार गरी जीविकोपार्जन नगर्नु, शस्त्र, मांस, विष, प्राणी र मानिस (देह व्यापार, दासप्रथा) आदिको व्यापार नगर्नु सम्यक्- आजीविका हो । त्यस्तै अनैतिक कार्यबाट टाढिएर मानसिक चेतसिक नियन्त्रण गरी आत्मनियन्त्रण अभिवृद्धि गर्नेतर्फ अग्रसर हुने कार्यलाई सम्यक्-व्यायाम भनिन्छ । जीवनमा भइरहने, जीवन प्रवाहलाई र कुशल अकुशलप्रति सजगता अपनाई निरन्तररुपमा होश पुऱ्याउदै बस्नु, जसले शुभ संस्कारको संचय हुन्छ, यसैलाई सम्यक्-स्मृति भनिन्छ । भावनामय कुरामा रमाएर, चित्त एकाग्रता गर्ने खूबीको विकास गर्नु, जसले जीवन के हो भन्ने कुरा विस्तारै अवगत हुदै जाने हुन्छ, विस्तारै चित्त एउटै कुशल आलम्बनमा एकाग्रता हुन्छ र दुर्गुणहरु अलगिएर बढी प्रीतिसुखानुभूति प्राप्त हुन्छ यसैलाई सम्यक्-समाधि भनिन्छ ।

उपरोक्त नैतिकमार्ग अर्थात् आर्य अष्टांगिक मार्गमा अनुगमन गर्न बुद्धले आफ्ना अनुयायीहरु भिक्षु-भिक्षुणी तथा उपासक-उपासिकाहरुका माझ खुब जोड दिनुहुन्थ्यो । यिनीहरु बुद्धधर्मका एकै रथका चार पाङ्ग्रा हुन् । त्यसैले बुद्धले आफ्नो धर्म दर्शन अनन्तकालसम्म पनि सुचारुरुपले संचालित हुदै जाओस् भनी आफ्ना अनुयायीहरुका लागि तह तह गरी विनय-विधान (नीति-नियम) पनि तय गर्नुभएको थियो । जसमध्येमा बुद्धले पाचँवटा मौलिक नैतिकयुक्त सिद्धान्त प्रस्तुत गर्नुभएको कुरा विद्वानहरु मान्दछन् । जुन बुद्धका अनुयायीहरुका लागि धर्ममा प्रवेशको पहिलो खुड्किलो वा सोपान मानिन्छ ।

अहिंसा पञ्चशीलको प्रथम शील हो । वास्तवमा अहिंसावादी नीतिमा नै समाजमा प्रेम, सद्भाव, सम्मान, आपसी सौहार्द्रता जस्ता बन्धुत्व भावनाको निर्भर रहेको हुन्छ । अहिंसालाई करुणा र मैत्रीको दोस्रो स्वरुप मानिए तापनि बुद्धमत (वाद) अनुसार 'अहिंसा परमो धर्म' भन्नु अतिवाद (गलत) हुन जान्छ । चोरी कार्य जसलाई लोभ- लालचले भरिपूर्ण भावनाको मानसिक उपज मानिन्छ, जुन कार्यले आपसी विश्वासमा ठूलो आघात पर्न गई व्यवहारमा अशान्तमय वातावरण सृजना हुन जान्छ । चोरी कार्यबाट विरत-विमुख हुने दोस्रो शील मानिन्छ । भोग-विलासयुक्त जीवनमा नियन्त्रणको आवश्यकता मानिन्छ । यस नियन्त्रणले गर्दा तन मनको शुद्धता वृद्धि भई शारीरिक एवं मानसिकरुपमा स्वच्छ बन्न सक्ने हुन्छ । अन्यथा व्यभिचार, बलात्कार जस्ता अपराधिक प्रवृत्तिमा सरिक हुन जान केही बेर लाग्दैन । यसै व्यभिचारयुक्त कर्मबाट टाढिनु तेस्रो शील हो । इमान्दारिता र सत्यता झल्काउने आचार व्यवहार, जसले सामाजिक संगठन तथा शक्तिलाई आचार-संहितामा बाँध्ने हुन्छ, त्यस्तो गुण सत्यवादिता अर्थात् साँचो व्यवहारिले मात्र संभव हुन्छ । त्यसैले छलकपट र झूठो व्यवहार नगर्नुलाई चौथो शील मानिन्छ । पाँचौं शील हो- सुरापान, लागूपदार्थ (मादक पदार्थ) को सेवन नगर्नु । वास्तवमा यी कुराहरुको सेवनले मानव

मनस्थिति समेत खल्बलिएर बिग्रने र अन्ततः शरीरलाई समेत जलाउने तथा तहस-नहस पार्न सक्ने हुन्छ । वास्तवमा पञ्चशीलको पाँचौ शीलले जाँड-रक्सी (alcoholic) पिउदै-नपिउनु, छुदै नछुनु भनेको चाहि होइन । मात्राको ज्ञान हुनुपर्दछ, होश-स्मृति नै गुम्ने गरी (प्रमादी) मात्तिएर हिड्नु हुन्न किनकि शरीरलाई बढी हानी-नोक्सानी पुऱ्याउने मात्र नभई सामाजिक प्रतिष्ठामा समेत आघात पुग्ने हुन्छ । मानसिक शक्ति र अर्थतन्त्रको सुधारमा यस पाँचौ शीलले ठूलो भूमिका निभाएको हुन्छ ।

यसरी उपरोक्त माथि देखिने बुद्ध-शिक्षालाई हेर्दै जाँदा यो भन्न सकिन्छ कि मानव जीवन सुधार्न, समाज सुधार्न र जीवन सार्थक बनाउन हामीले बुद्ध द्वारा निर्देशित नैतिकताका सवालहरुलाई हाम्रो दैनिक व्यवहारमा उतार्नेतर्फ बढी सजगता अपनाउनुपर्ने देखिन्छ । यथार्थतः आजकल सामाजिक, आर्थिक, प्रशासनिक क्षेत्रदेखि लिएर शैक्षिक जगत आदि सबै ठाउँमा नैतिकताको ठूलो भूमिका रहेको हुन्छ । आज हरक्षेत्र दूषित देखिदैछन्, सबै कुराहरुमा प्रदूषणको भावले छुन पुगिरहेको देखिन्छ । वास्तवमा नैतिकतालाई प्राधान्यता दिएर राजनेता, प्रशासनिक कार्यकर्ता, विद्यार्थी तथा सम्बन्धित क्षेत्रमा लागेकाहरु सबै आफ्नो कर्तव्य पालनातर्फ लाग्न सकेको खण्डमा सबैले शान्तिरुपी स्वास फेर्न पाउने कुरामा सबै निर्धक्क हुन सक्दछौं ।

## हार्दिक शुभकामना



## अकलादेवी गुरुङ

यस बौद्ध अर्घौ सदन, पोखराका अग्रणी उपासिका अकलादेवी गुरुङ न्यूनीव्रत, ध्यान भावनामा लीन भई तथा सदनको सेवा कार्यमा सधै अग्रसर भएर बुद्धधर्मको प्रचार प्रसारमा पुऱ्याउनु भएको महत्वपूर्ण योगदानको कदर गरेर बुद्ध जयन्ती समारोह समिति, कास्कीद्वारा २५५२ औं बुद्ध जयन्तीको पावन उपलक्ष्यमा २०६५ जेष्ठ ७ गते पोखरामा आयोजित धार्मिक सभामा सम्मानित हुनु भएकोमा हामीलाई धेरै खुशी लागेको छ ।

हामी उहाको सुख, सुस्वास्थ्य र दीर्धायुको कामना गरी उहाको उत्तरोत्तर उन्नति र प्रगतिको लागि हार्दिक शुभ कामना व्यक्त गर्दछौं ।

*बौद्ध अर्घौ सदन परिवार*
*गौतमबुद्ध मार्ग*
*रामघाट, पोखरा-१०*

# बुद्ध धर्म र आधुनिक विज्ञान

- आर. बि. वन्द्य -

### मानव सोचाइमा विज्ञान र प्रविधिको प्रभाव

विज्ञान र प्रविधिको क्षेत्रमा भएको अभूतपूर्व विकास र त्यस विकासको वढ्दो विश्वव्यापी प्रचार र प्रसारको फल स्वरुप उदय भएको आजको भौतिकवादी मानव सभ्यताको विकास र विस्तारले संसार भरिमै मानव सोचाइ र चिन्तन, धारणा र दृष्टि, इच्छा र आकांक्षामा ठूलो परिवर्तन ल्याइदिएको परिणाम स्वरुप आधुनिक मानिसको सामाजिक र सांस्कृतिक, नैतिक र धार्मिक मूल्य र मान्यताहरु, आग्रह र आकर्षण, प्रवृत्ति र प्राथमिकतामा पनि समयको साथ साथै परिवर्तन हुदै गरेका प्रत्यक्ष लक्षणहरु सर्वत्र देखा पर्न थालेका छन। आधुनिक शिक्षाको प्रचार र प्रसारले ल्याएको पश्चिमी हावा, विचार र सभ्यताको वढ्दो प्रभावको कारण आज विश्व भरिकै सर्वसाधारण शिक्षित जनमा पनि आ-आफ्ना पूर्व स्थापित सामाजिक एवम् धार्मिक मूल्य र मान्यताहरुलाई पुनः सन्देहको दृष्टिवाट हेरी तर्कपूर्ण विवेकको आधारमा परीक्षण, समीक्षा र पुनरावलोकन गर्ने सामान्य प्रवृत्तिले क्रमशः प्रोत्साहन पाउन थालेको देखिन्छ भने आधुनिक वैज्ञानिकहरु वैज्ञानिक शिक्षावाट प्रभावित आजका वुद्धिजीवी वर्गमा व्यक्ति, घर, परिवार, समाज र राष्ट्रले अध्ययन र अनुसन्धान गर्नु पर्ने, अभ्यास र आचरण गर्नु पर्ने, अनुशरण र अवलम्वन गर्नु पर्ने जुनसुकै विषयमा रुढीवादी मत र दृष्टि, अन्ध श्रद्धा र विश्वासको आधारमा होइन, अपितु तर्क र विवेक न्याय र औचित्यको आधारमा हरेक विषयलाई स्वतन्त्रता पूर्वक वैज्ञानिक रुपमा अध्ययन र अनुसन्धान, प्रयोग र परीक्षण अनुभव र उपयोग गरी हेरी जाची मात्र कुनै पनि विषय वस्तुलाई स्वीकार्ने र ग्रहण गर्ने, समर्थन गर्ने र अनुशरण गर्ने नयाँ पद्धति र प्रवृत्तिले उत्तरोत्तर रुपमा प्रोत्साहन र प्राथमिकता पाउन थालेको स्पष्ट देखिन्छ।

### भौतिकवादी युगको विसंगति

वैज्ञानिक खोज र अनुसन्धानको युगले एकातिर वुद्धिजीवीको समुदायमा मानव सोचाइको परिधि, क्षेत्र र विषयलाई यसरी खुला र विस्तृत गरी जुनसुकै मानवीय समस्या र विषयलाई वैज्ञानिक किसिमवाटै अध्ययन र अनुसन्धान गर्ने प्रवृत्तिलाई जन्माएको छ भने भौतिकवादी सभ्यता र व्यक्तिवादी दृष्टिकोणले वढी प्रश्रय पाएको आजको युगले सर्वसाधारण जनमा आफ्नै स्वार्थलाई मात्र सर्वोपरि महत्व दिने प्रवृतिलाई पनि प्रोत्साहित गर्न थालेवाट सामान्यतः मानव मन र मस्तिस्कमा स्वार्थपूर्ण विकृतिले पनि प्रश्रय पाउन थालेको हुदा आज विश्वमा सर्वत्र आपसी स्वार्थ वाझिएको कारणले व्यक्ति व्यक्तिमा, समाज समाजमा, राष्ट्र राष्ट्रमा कलह, विग्रह र अशान्ति फैलिएको पनि छ। यसले गर्दा आजको मानिस सदैव सम्भावित नक्षत्र युद्ध र परमाणु युद्धको भयावह परिणामवाट संत्रस्त भई वाच्न विवश छ। भौतिक विकासको क्षेत्रमा उन्नतिको चुलीमा पुगेका पश्चिमी जगतमा जहा सांसारिक दुख, भय, त्रासलाई केही क्षणको लागि भए पनि विर्सी पलायनवादी जीवन व्यतित गर्न लागू पदार्थको उपभोगको कृत्रिम उपायको अवलम्वन गरी दुर्व्यसनमा लागी पतित जीवन जिएर हिड्ने प्रवृतिले आज युवा पिढीलाई विस्तारै वढ्दो मात्रामा समाउन खोजिरहेको आभास पाइन थालेको छ भने एक थरी वुझ्रुगहरुमा त्यही भौतिकवादी सभ्यताको विकास र व्यक्तिमुखी दृष्टिकोणको अन्ध अवलम्वन र अनुशरणले मात्र मानव समुदायमा शान्तिमय वातावरण र क्लेश रहित चिर सुख र शान्तिको लाभ हुन सक्तो रहेनछ भन्ने तथ्यको गम्भीर आभास भई शान्ति पथको खोजिमा पश्चिमी विद्वानहरुले पूर्वीय जगतको प्राचीन धर्म, संस्कृति र सभ्यताको अध्ययन र अनुसन्धान वढ्दो अभिरुची प्रदर्शन गर्दै यस दिशातर्फ आफ्नो समय, श्रम र साधनको उपयोग गर्न थालेका पनि पाइन्छन्।

### आधुनिक युगको दिशाबोध

यसरी विज्ञान र प्रविधिको विकासको आजको युग हर मानवीय समस्याको समाधानको खोजीमा स्वतन्त्रतापूर्वक लाग्ने अनवरत अध्ययन र अनुसन्धानको युग भएको छ, न्याय र विवेकको आधारमा, तर्क र औचित्यको आधारमा, प्रयोग, परीक्षण र अनुभवको आधारमा नया नया ज्ञान र सिद्धान्तको खोजी गर्ने, परम्परागत धर्म र दर्शनको नवीन अध्ययन र अनुसन्धान गर्ने युग भएको छ। ईशा पूर्व छैठौं शदीको युग र त्यस पछिका केही शताब्दी सम्मका युगमा पनि तत्कालीन धार्मिक सामाजिक परम्परामा आएको विकृतिलाई सुधार गर्न नै नयाँ नयाँ विचारकहरु, नयाँ नयाँ दार्शनिकहरु, नयाँ नयाँ धर्मगुरुहरु विश्वका विभिन्न भागमा उदय भएका थिए भन्ने तथ्यलाई इतिहासमा राम्ररी अङ्कित गरिएको पाइन्छ। भगवान बुद्ध पनि त्यही युगको हुनुहन्थ्यो, त्यही युगको खोजीको परिणाम थियो भनेमा अतिशयोक्ति हुने छैन ।

भौतिकवादी सभ्यताको चरम विकासको परिणाम स्वरुप उत्पत्ति भएको सामाजिक विकृति र अशान्तिको वातावरणको कारण आजको युग पनि शान्तिको खोजीको युग भएको छ, सुख शान्तिको सदाकांक्षाको युग भएको छ । विज्ञान र प्रविधिको उच्चतम विकासले पैदा गरेका अत्याधुनिक अध्ययन र अनुसन्धान साधनद्वारा सुसम्पन्न आजको युगका विचारहरु खुल्ला मन मस्तिष्क लिई पूर्वाग्रहबाट सर्वथा मुक्त रही वैज्ञानिक पद्धतिको आधारमा पुराना विचार, धर्म र सिद्धान्तलाई पुनः परीक्षण गरी सही रुपमा अभ्यास र अवलम्बन गर्न र नया नया ज्ञान र विचारहरु पहिल्याउन प्रयत्नशील देखिदैछन, कटिवद्ध देखिदैछन, क्रमशः सक्षम देखिदैछन। तसर्थ आजको युग पुनः खुला चिन्तनको युग रहेको प्रतीत हुन्छ। गम्भीर चिन्तन र मनन, अध्ययन र अनुसन्धान, साधना र अभ्यासको लागि वर्तमान समय उपयुक्त समय हुने लक्षण देखिदैछ ।

हो, आजको मानिसलाई केवल धर्म गुरुको कोरा आदेश र निर्देशन, परम्परागत स्वर्गको लोभ र आकर्षण र नरकको भय र त्रासले मात्र वशमा राख्न सकिन्न, चित्त बुझाउन सकिन्न, उसको आस्था, निष्ठा, श्रद्धा र विश्वासलाई जित्न सकिन्न। विज्ञान र प्रविधिले आज सम्ममा उसलाई उपलब्ध गराइसकेका साधनाहरु र औजारहरुको समेत अधिकतम सदुपयोग गरी आजको मानिस आफ्ना पुराना मूल्य र मान्यता, धर्म र दर्शन, दृष्टि र धारणा, मत र सिद्धान्तलाई वैज्ञानिक अध्ययन पद्धतिको आश्रय लिई न्यायपूर्ण तर्क र विवेकपूर्ण अध्ययनको आधारमा पारख गरेर हिंड्ने, खोजी गरेर हिंड्ने, अनुभव र अभ्यास गरेर हेर्ने स्वतन्त्रताको पक्षपाती छ र यस प्रकारको उन्मुक्त वातावरणको पक्षमा छ । उ विचारको संकीर्णता होइन, वैचारिक विशालताको पक्षधर छ, पूर्वाग्रह होइन, वैज्ञानिक प्रयोग र अनुभवको पक्षधर छ। त्यसैको कारण आज पनि पश्चिमी जगतमा आफ्ना कुलगत परम्पराको विपरीत पूर्वीय जगतमा पुराना धर्म र दर्शन, मूल्य र मान्यता, मत र विश्वासको व्यापक रुपमा अध्ययन गर्ने जमर्को भइरहेको छ, क्रमिक रुपमा अनुशरण र आचरण भइरहेको छ। यो प्रवृत्ति विश्व भरि नै आज फैलिदो छ, विस्तारित हुदैछ, प्रसारित हुदैछ ।

### बुद्ध धर्मको प्राथमिकता

आज भन्दा २६०० वर्ष अघि पनि भगवान बुद्ध अन्ध आस्तिकलाई भन्दा विवेकशील नास्तिकलाई वढी रुचाउनु हुन्थ्यो । कारण अन्ध आस्तिकमा श्रद्धाको बाहुल्य हुन सक्छ तर विवेकी नास्तिक सत्य र तथ्यको खोजीमा सततः अग्रसर हुन सक्छ । सत्यलाई यथार्थ रुपमा साक्षात्कार गरेपछि आफू विश्वस्त भएर उसले सद्धर्मको सही अनुशरण गर्ने सम्भावना हुन्छ । सत्य मार्गमा अनि पर्वत झै निश्चल र स्थिर भएर आत्मविश्वासका साथ उसले बस्न सक्तछ, अड्न सक्तछ र सम्यक् रुपवाट अभ्यास र आचरण गर्न सक्तछ ।

बौद्ध धर्मले खोजेको प्रवृत्तिलाई सदैव सर्वत्र प्रोत्साहित गरेको पाइन्छ यो कम महत्वपूर्ण संयोग होइन । त्यसैले विभज्जवादी बुद्ध धर्मलाई आजका प्रवुद्ध वर्ग वैज्ञानिक धर्मले सम्वोधन गर्न मन पराउछन् । आधुनिक विज्ञानको उपलब्धि र बुद्ध धर्मको देन संग तुलना गरीकन गरिने अध्ययनले आज सम-सामयिक महत्व राख्तछ ।

# प्रगतिशील दलाई लामा

- स्वामी आनन्द अरुण -

दलाई लामा ४० वर्ष देखि विश्वमा शान्ति र सहिष्णुताको प्रतिमूर्ति बनेका छन र उनी अहिंसाको सबैभन्दा ठूला हिमायती हुन। ६० लाख तिब्वतीहरुका लागि साक्षात जीवित बुद्धको रुपमा सम्मानित भए पनि र संसारले त्यतिकै आदरका साथ सम्मान गरे पनि उनी आफूलाई एक साधारण बौद्ध भिक्षुभन्दा बढी मान्न तयार छैनन्। उनको यही सरलता, सदा आशावादी र प्रसन्न रहने स्वभावले जसको पनि हृदय जित्छ। उनको मुस्कान सङ्क्रामक छ र उनको सान्निध्यमा दुख, निराशा र गम्भिरता त्यति कै विलाएर जान्छ। उनी एक सम्मोहक व्यक्तित्वका धनी हुन्।

डिसेम्बर १०, १९८९ का दिन ओस्लोमा उनलाई शान्तिका लागि नोबेल पुरस्कार प्रदान गरियो। सो पुरस्कार ग्रहण गर्दा उनले भने 'यो सम्मान अति अनुग्रहकका साथ संसार भरिका दमित, पीडित तथा स्वतन्त्रता र शान्तिका लागि संघर्षरत सबैका तर्फबाट म ग्रहण गर्दछु। महात्मा गान्धीप्रतिको सम्मानको रुपमा यो पुरस्कार स्वीकार गर्दछु, जसले यो संसारमा शान्ति र अहिंसाको नयाँ संस्कृति बसाले र जसको जीवनले मलाई सधै प्रेरणा दिएको छ। साथै यो पुरस्कार ६० लाख साहासी तिब्वतीको तर्फबाट ग्रहण गर्दछु, जसले अत्यन्त दुख र कष्ट बेहोरेका छन।

समापन भाषणको अन्त दलाई लामाले आफ्नो प्रिय प्रार्थनाका साथ गरेका थिए:

जबसम्म यो संसार रही रहन्छ,
जबसम्म जीवित प्राणी यस संसारमा रहन्छन्
तबसम्म म पनि कनै न कुनै रुपमा रहिरहूँ
यस संसारको पीडा र दुख हरण गर्नलाई।

सम्मान र अपमानबाट खास प्रभावित नहुने दलाई लामालाई यो पुरस्कारले उनको जति सम्मान बढायो, पुरस्कार ग्रहण गरेर उनले नोबेल पुरस्कारको सम्मान त्योभन्दा बढी बढाए। सो पुरस्कारबाट प्राप्त ११ लाख २० हजार डलरको ठूलो भाग उनले सोही दिन विश्वभरी भोकमरीबाट पीडितहरुलागि, भारतमा कृष्ठ रोग निवारण र शान्तिका लागि कार्यरत अन्तरष्ट्रिय संघसंस्थाहरुलाई बाँडिदिए भने बाँकी अंश अन्तरष्ट्रिय उत्तरदायित्वका लागि स्थापित तिब्वती प्रतिष्ठानलाई हस्तान्तरण गरिदिए।

अघिल्लो आलेखमा उल्लेख गरिसकेको छु- मैले उनका केही प्रवचनहरु सुन्न पाएको छु र दुई पटक व्यक्तिगत भेट पनि। उनको व्यक्तित्वको सरलता र हाँस्यप्रियता र जीवनप्रति गैरगम्भीर दृष्टिकोण, दुखी र पीडितका प्रति असीम करुणा र सबै धर्म र विचार प्रति खुल्ला र विधायक दृष्टिकोणले मेरो हृदयमा अमिट छाप छोड्यो। म उनीप्रति प्रेम र श्रद्धाले ओतप्रोत भएको छु। आकासिँदो प्रतिष्ठा भए पनि उनी एक बच्चा जस्तो सरल र निश्चल छन्। उनका एक श्रोताले मेरो अगाडि सोधे ' तपाईलाई कुन चिजले बढी सुखी बनाउछ?' उनले बालसुलभ पारामा टाउको कन्याउदै आफैलाई प्रश्न गरे र जवाफ दिए 'शायद राम्रो खाना र राम्रो निन्द्रा।' सत्यको यस्तो सहज अभिव्यक्ति कुनै बुद्धपुरुषले मात्र दिनसक्छ, तथाकथित ठूलामान्छेहरुले सिद्धान्त छाटछन्। प्रवचन के दौरान छानामा आवाज गर्दै चराचुरुङ्गीहरु खेल्न लागे, बीचैमा बोल्न छोडेर उनी छानातिर निहाल्न थाले। मौन तोड्दै उनले भने 'मलाई लाग्छ मेरो प्रवचन भन्दा यी चराहरुको गीत नै मीठो छ।'

उनको दिनचर्या प्रत्येक बिहान चार बजे प्रार्थनाबाट शुरु हुन्छ। अन्य भिक्षुसरह उनी कुनै व्यक्तिगत सम्पत्ति नराख्ने प्रतिज्ञा गर्छन। उनी शयनकक्षमा एक ओछ्यान र बुद्धको मूर्तिबाहेक अरु केही राख्न मान्दैनन्। व्यायाम गरी नुहाएर ५:३० सम्म ध्यान गर्छन् र ध्यानपछि प्राणीमात्रको कल्याणको

लागि प्रार्थना गर्छन् । त्यसपछि बगैंचामा गएर गोडमेल गर्छन । चराचुरुङ्गीहरुलाई सुन्नु र खुल्ला आकाश हेरिरहनु उनलाई अति प्रिय छ । हल्का नास्ता खाएर ६ बजे ध्यानकक्षमा पुग्छन् र ९ बजे सम्म ध्यानमा र हन्छन् । ९ देखि १२:३० सम्म उनी अध्ययन गर्छन् । जीवनभरि प्रत्येक दिन साढे तीन घण्टा नियमित पढ्ने गरेपनि धेरै पढ्न नपाएको उनको गुनासो छ । बौद्धसाहित्य अतिरिक्त उनका प्रिय विषयहरु पश्चिमी दर्शन, परमाणु विज्ञान, नक्षत्र विज्ञान, न्युरोबायोलोजी हुन् । १२:३० मा उनी खाना खान्छन् । त्यसपछि दिनभरि मान्छे भेट्छन्, विस्थापित तिब्बती सरकारका कामहरुका लागि मन्त्रीहरुसँग आवश्यक सरसल्लाह गर्छन् । उनी कुनै पनि बौद्ध भिक्षुसरह बेलुकाको खाना खादैनन् । एक कप चियामात्र लिन्छन । त्यसपछि विविध संस्कृतिक फिल्महरु, प्रकृतिसम्बन्धी टीभी सिरियलहरु हेरेर प्रार्थना गरी ९:३० मा उनी सुत्छन् ।

दलाई लामाको अन्य सबै धर्म र विचारप्रति समान आदर छ । ओशो प्रतिको उद्‌गारले उनको भावना झल्काउछ । 'ओशो एक संबुद्ध व्यक्ति हुन् र जो यस कठिन घडीमा मनुष्यको चेतनालाई उठाउन सबै संभाव्य उपायहरु गरिरहेका छन् ।'

दलाई लामाका आलोचकहरु उनलाई प्रतिक्रान्तिकारी, शोषक र परिवर्तन नचाहने व्यक्तिका रुपमा प्रचारित गर्छन । तर, उनलाई नजिकबाट हेर्ने, बुझ्ने र पढ्नेहरुले उनलाई अत्यन्त सुधारवादी, प्रगतिशील, मानवतावादी र सहिष्णु धर्मगुरुका रुपमा पाएका छन् । उनका अभिव्यक्तिहरुले यो कुरालाई प्रष्ट पार्छ ।

# हार्दिक श्रद्धाञ्जली



जन्म
१९९१ साल

निधन
२०६५ बैशाख ९ गते
कृष्ण पक्ष प्रतिपदा

## चन्द्रमान पालिखे

धर्मोदय सभा कास्कीका कार्यकारिणी सदश्य तथा हाम्रा सहयोगी मित्र सुरेन्द्रमान पालिखेका पिताज्यू चन्द्रमान पालिखेको २०६५ वैशाख ८ गते असामयिक एवं दुखद निधन भएकोमा हामी अत्यन्त दुखित छौं ।

हामी दिवंगत पालिखे प्रति हार्दिक श्रद्धाञ्जली अपंण गर्दछौं र उहाको सुखावती भुवनमा वास होस भन्ने कामना गरी शोक सतप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**धर्मोदयसभा, कास्की परिवार**
**पोखरा**

# विपश्यनाः मानवकल्याणको साधना

- मुरली रन्जित -

विपश्यना साधना मानव जातिको कल्याणको लागि उपयोगी एक परम्परागत ध्यान विधि हो। जसको माध्यमवाट विभिन्न कारणले आकुलव्याकुल भइराखेको मनलाई एकाग्रता प्रदान गरी शान्तिको अनुभूति प्रदान गर्ने जस्ता अति नै महत्वपूर्ण कार्यमा सहयोग पुऱ्याउदछ । विपश्यनाको मूलभूत सिद्धान्त भन्नु नै जुन वस्तु जे जस्तो रुप र स्थितिमा रहेको हुन्छ, यसै चञ्चल मनलाई अझ चञ्चलै राखेको खण्डमा मनमा विभिन्न विकार हरु पैदा हुन्छ र मानिसको मनस्थितिलाई अझ विचलित वनाई असन्तुलित स्थितिमा समेत पुऱ्याउने जस्ता कार्य मनैको कारणले नै हुन्छ। मानिस जवजव आफू विचलित अथवा हतास मनस्थितिमा हुन्छ तवतव उसले आफू मात्र विचलित नभई आफ्ना वरपरको वातावरण एवम् अन्य मानिसमा पनि प्रभावित पार्ने गरेको हुन्छ । यस प्रकारका मानिसको जीवनलाई सार्थक वनाउन र उसमा उम्रेको नकारात्मक भावनालाई सुधार गरी भावनात्मक परिवर्तनद्वारा व्यावहारिक परिवर्तन गर्नको लागि सिद्ध विधिको रुपमा विपश्यना साधना विधिलाई लिन सकिन्छ । विपश्यनाको माध्यमवाट मानिसमा सन्तुलन कायम गर्नुका साथै उसको लागि शान्ति र सामन्जस्यताको अनुभूति प्रदान गर्ने जस्ता अति नै महत्वपूर्ण कार्य समेतमा सहयोगी सिद्ध भएका धेरै प्रमाणहरु हाम्रा सामु छन। विपश्यना प्राप्तिपछि मानिसमा भएका विकार र अव्यावहारिक स्वभावमा परिवर्तन भई जिम्मेवारी वोधको स्वतः महसुस हुन जानेछ ।

प्रायः संसारवाट लोप भई सकेको परम्परगत यस ध्यान विधि २५ सय वर्ष अगाडि भगवान गौतम बुद्धवाट खोज गरी पुनः मानव कल्याणका लागि प्रयोगमा ल्याउनुभएको थियो । त्यस समयमा भगवान गौतम बुद्धले यस साधनालाई नेपालको दक्षिणी भाग र भारतको उत्तरी भागमा आफ्नो जीवनको ४५ वर्षसम्म मानव कल्याणको खातिर प्रचारप्रसार गर्नुभयो । तत्पश्चात् भगवान गौतम वुद्धको महा परिनिर्माणको लगभग पाँच सय वर्षपछि यो अमूल्य विद्या यस क्षेत्रवाट लोप भएर गयो । यस विद्याको लागि आवश्यक शुद्धताको अभावमा प्रायः लोपोन्मुख अवस्थामा रहेको यस साधना विधिलाई म्यानमार (वर्मा) को एउटा समुदायले गुरु शिष्य परम्परालाई अक्षुण्ण राख्दै संचित गरी राखेको अवस्थामा वर्मा सरकारको सेवामा कार्यरत एक कर्मचारी आचार्य सयाजी उ वा खिनले यसको विकास र सम्वर्द्धन गर्दै आइरहेको थियो भने सन् १९६९ मा भारतीय मूलका व्यापारी परिवारको एक मूर्धन्य व्यक्तित्व सत्यनारायण गोयन्काजीले वर्मावाट यस विधिको उद्‌गम थलो नेपाल र भारतमा पुनः प्रयोगमा ल्याउने कार्यको थालनी गर्नुभएको थियो । यसै क्रममा सन् १९८१ मा आचार्य गोयन्काजीले काठमाडौ स्वयम्भूस्थित आनन्दकुटी विहारमा सञ्चालन गर्नुभएको प्रथम दश दिवसीय विपश्यना शिविरको शुरुआतसंगै नेपालमा पनि यस महत्वपूर्ण जीवनोपयोगी एवम् अमूल्य ध्यान विधिको पुनप्रारम्भ भयो भने करिव २५०० वर्षको अवधिमा नेपालका हजारौ मानिसहरुले यस अमूल्य ध्यान विधिवाट लाभ गरी जीवनलाई सफलताको संघारमा पुऱ्याउन सफल भई सकेका छन् ।

हालसम्म यस साधनाका लागि दश दिवशीय शिविर एवम् अन्य प्रकारका शिविरका लागि काठमाडौ बूढानीलकण्ठस्थित 'धम्म श्रृङ्ग' ध्यान केन्द्र, लुम्बिनीस्थित 'धम्म जननी' ध्यान केन्द्र र पर्सास्थित 'धम्म तराई' मा निःशुल्क सेवाको रुपमा उपलब्ध भइराखेका छन भने यस साधनाको महत्व एवम् आवश्यकताको साथसाथै देशका अन्य केही स्थानहरु जस्तैः पोखरा,

हेटौडा, नारायणगढ, कीर्तिपुर, इटहरी साथै धुलिखेलमा विपश्यना ध्यान केन्द्रको सफल सञ्चालन भइरहेको छ ।

विश्वको वदलिंदो परिवेश र भौतिक विकासको होडबाजीको क्रममा जीवनको उत्तारचढाव ज्यादै प्रतिस्पर्धी वन्दै गएको छ । वास्तवमा भौतिक प्रगतिले मात्र मानव जातिको कल्याण गर्न असम्भवप्राय: भइसकेको छ भने यसले जीवनमा एकाकीपना ल्याइदिन्छ ।

मानिसको जीवनलाई सार्थक वनाउनका लागि भौतिक एवम् मानसिक सन्तुलन कायम गर्दै लानु नितान्त आवश्यक भइसकेको छ । संसारमा विद्यमान जातिवाद, धार्मिक, साम्प्रदायिक भावना, गरिबी, आतंकवाद, धार्मिक, साम्प्रदायिक कारणले देखा परेका प्राकृतिक विनाशहरु साथै क्षेत्रीय एवम् भूमण्डलीकरणको कारणले देखा परेका समस्याहरुलाई दृष्टिगत गर्ने हो भने मानिसको नैतिक मूल्य र मान्यतामा धेरै कमी कमजोरीहरु देखा परिसकेको छ । यसले व्यक्ति समाज, समुदायलाई समेत आफ्नो मौलिकता कायम गर्ने र नीतिगत कार्यलाई निरन्तरता दिन हम्मे परिरहेको छ ।

यस परिस्थितिसँग सामना गरी समाजमा शान्ति र सामन्जस्यता कायम होस् । मानिसमा आफ्नो क्षमताको आफैले परीक्षण गरी गुण र सार्थक जीवनको शुरुआत गर्न सकोस्, सामाजिक, साम्प्रदायिक, आर्थिक, राजनैतिक, भौगोलिक सवै प्रकारका उत्पीडनबाट मुक्ति मिलोस् र भागवान बुद्धले प्रतिपादन गर्नुभएको शान्तिको भावनालाई सबैले व्यावहारिक रुपमा जीवनमा उतार्न सकोस् भन्ने विशुद्ध भावनाका साथै "भवतु सब्ब मंगलम्' भन्ने भावनालाई आत्मसात् गरी विपश्यना साधना एक मानव जीवनको सफलताको कामनासहित अगाडि वढिरहेको छ ।


राजधानी बाहिरको एकमात्र

बौद्ध मासिक पत्रिका

**धर्मचक्षु**

वर्ष १० पूरा गरी ११ वर्षमा पदार्पण गरेको अवसरमा

धर्मचक्षु बौद्ध मासिक पत्रिकाको नियमितताको कामना गरी

आगामी दिनमा यस्को स्तरियता अरू वृद्धि होस

र

बुद्धधर्मको प्रचारमा महत्वपूर्ण योगदान पुर्‍याउन सकोस्

यही शुभकामना छ ।

**सविता धाख्वा**

गराबहाल, काठमाण्डौ

# पिपलः बुद्धधर्म र वातावरण संरक्षण

- अञ्जली आस्था -

**पिपल परिचय**

नेपालको उच्च हिमाली क्षेत्र बाहेक प्रायः सबै ठाउमा पिपल पाइन्छ यद्यपी गर्मी र समशितोष्ण प्रदेशमा यसको वृद्धि र विकास छिटो हुन्छ। यसको वैज्ञानिक नाम Ficus religiosa हो, जुन नेपालको रैथाने जातीको बहुउपयोगी विरुवा हो। आज वैज्ञानिक अनुसन्धानवाट प्रमाणित भइसकेको छ कि पिपल नै सम्पूर्ण बोट विरुवाहरु मध्येमा सवैभन्दा वढि आयू भएको विरुवा हो, जुन ३००० वर्षसम्म बाच्न सक्दछ (De Condole and Charles 1985) अर्को अनुसन्धानवाट यो पनि प्रमाणित भएसकेको छ कि- सम्पूर्ण बोट विरुवा मध्ये पिपल नै सर्वाधिक कार्वनडाइ अक्साइड शोषण गरेर सर्वाधिक अक्सिजन उत्पादन गर्ने विरुवा हो (Chaturvedi 1956 and Lal 1997) सायद त्यसैले होला बौद्ध, हिन्दु, जैन, सिख, मुसलमान सम्प्रदायमा विहार, मन्दिर, श्मशान आसपास पिपल लगाउने गरिन्छ (Suman and Suman 2003)। एक अनुमान अनुसार एक पिपल वृक्षले ८० वर्षको आयुमा औसत २५,१२,००० रुपैया वरावरको वातावरणीय आर्थिक लाभ दिन सक्दछ, जुन निम्नानुसार पाइएको छ।

| वातावरणीय लाभ | मूल्य (नेरु) |
|---|---|
| वायु प्रदुषण नियन्त्रण | ३००००० |
| अक्सिजन उत्पादन | ४००००० |
| कार्वनिक प्रोटिन उत्पादन | ३२००० |
| भूमि सरक्षण | ४००००० |
| जलचक्र व्यवस्थापन | ४८०००० |
| पशुपक्षी सरक्षण | ४००००० |
| | २५१२००० |

(Suman and Suman 2003)

स्मरणीय रहोस् नेपालमा पिपललाई सुनगाभा खेती, च्याउ खेती, सोत्तर र जैविक मल तथा औषधी विज्ञानमा उपयोग गरी अझ वढी लाभ लिन सकिन्छ। (Personal Communication; Prop Dr. Niels De Pauw 2004)

**बुद्धधर्ममा पिपलको महत्व**

संसारमा भगवान बुद्ध एकमात्र त्यस्तो ऐतिहासिक व्यक्तित्व हो, जसको जन्मदेखि मृत्युसम्म सम्पूर्ण महत्वपूर्ण क्रियाकलापहरु रुखविरुवा, जीवजन्तु र वन जंगल सँग श्रृखलावद्ध सम्वन्ध राख्दछ। बुद्ध धर्म एकमात्र त्यस्तो धर्म हो, जसमा शब्दलाई नै प्रकृति वा प्राकृतिक नियमको रुपमा परिभाषित गर ाएको छ। त्यसले बुद्धशिक्षाको जुनसुकै खण्डको गहन अध्ययन गरे तापनि, त्यसले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रकृति वा वातावरणको संरक्षण गर्ने उपाय, साधन प्रतिवद्धता, त्यसको उपादेयताको व्याख्या र ज्ञान प्रदान गर्दछ। सायदै कुनै त्यस्तो विषय नहोला जसमा बुद्ध शिक्षाले नछोएको होस्। यस्तो बुद्धधर्मको अथाह भण्डार मा पिपलको विशेष महत्व छ।

**बुद्धधर्ममा बोधिवृक्षको महत्व**

वोधिसत्व सिद्धार्थ नेपालको लुम्विनी शालवनमा जन्मिएकै समयमा बोधगयामा एक पिपल (वोधि वृक्ष) उम्रिएको थियो। उक्त पिपल वृक्षमुनी ध्यान गरी श्रमण गौतमले आजभन्दा २५०० वर्ष अघि वैशाख पूर्णिमाको रातमा सर्वज्ञ ज्ञान लाभ गरी भगवान बुद्ध हुनुभएको थियो। त्यसैले उक्त पिपल वृक्ष वोधिवृक्षको नामले विशेष महत्व राख्दछ। २२०० वर्ष पूर्व सम्राट अशोकका छोरा महेन्द्र थेर र छोरी सघमित्रा थेरीले वोधिवृक्षको हाँगा श्रीलंका लगेर अनुराधापुरमा रोपेका थिए। जुन आजसम्म पनि सुरक्षित छ। यही वोधि वृक्षका हाँगाहरु पछि विभिन्न बौद्ध देशहरुमा

श्रद्धापूर्वक लगेर रोपिएका तथ्यहरु बौद्ध इतिहासमा पाइन्छ । आम श्रीलंकाली नागरिकहरु आजतक बोधिवृक्षलाई भगवान गौतमबुद्धको प्रतीक मानेर विशेष श्रद्धा गर्दछन् । बोधिवृक्षका एकएक हाँगा र पातहरुको श्रद्धापूर्वक सरक्षण गर्दछन । आधुनिक युगमा (The light of Asis) का लेखक अंग्रेज विद्वान सर एडविन आर्नोल्ड इ.सं. १८८५ तिर बुद्धगया बोधिवृक्षको केही पातहरु त्यहाका महन्तहरुसंग मागेर श्रीलंका लगी दन्तधातु राखिएको बौद्ध मन्दिरका प्रमुखलाई दिंदा उनीहरुले श्रद्धापूर्वक सुनको बट्टामा राखेर साप्ताहिक पूजा गरेको घट्नावाट प्रभावित भई, श्रीलंकालीहरुलाई बुद्धगयाको पुनरुद्धार गर्न उत्प्रेरित गरेका थिए (Thero K.S.S. 2003) फलस्वरुप श्रीलंकाली नेतृत्वमा बुद्धगयाको पुनरुद्धार भएको हामी देख्दछौं ।

धार्मिक रुपले दुख लाग्दो तथ्य के हो भने बुद्ध जन्मभूमि नेपालमा बोधिवृक्षको दर्शन गर्न पाइदैन । सुनिन्छ- लुम्बिनी परिसरभित्र श्रीलंकावाट बोधिवृक्ष ल्याएर रोपिएको थियो तर त्यसको उचित श्रद्धा र हेर विचारको अभावमा पुनः श्रीलंका फर्काइयो (Personal communication Vent. Maitri 2007)। यो कस्तो तीतो यथार्थ हो हामी नेपालीहरुको ? हामी नेपालीहरु बुद्धलाई पूजा गर्दछौं, संसारमा बुद्ध जन्मेको देश भनेर रवाफ जमाउँछौं तर नेपाल सरकार र बुद्ध पुजक आम नेपाली बोधिवृक्ष, जसलाई भगवान बुद्धकै प्रतीक मानिन्छ, त्यसको संरक्षण र सम्वर्धन गर्ने हैसियत राख्दैनौं । यो कस्तो विडम्वना ! हाय, विश्व सामु बुद्धलाई अघि सारेर मागि खाने आदत बसेका हामी नेपालीको घैटोमा घाम कहिले लाग्ला ? र नेपालले बुद्धशिक्षाको सदुपयोग गर्ला ? आशा गरौ, धर्म निरपेक्ष राज्य घोषित भएको नया नेपालमा यस्ता नाङ्गा सत्यहरु उजागर हुनेछन् र बुद्ध शिक्षा र सम्पदा प्रति नेपाल सरकार र आम नागरिक गम्भीर र जिम्मेवार हुनेछन् । र हामी यस धर्तीका मौलिक रत्नहरुको सरक्षण र विकास गरी विश्वमै गर्विलो बुद्ध जन्मभूमिको सार्थकता प्रमाणित गर्नेछौं । बुद्धजन्मभूमि लुम्बिनी प्रति श्रद्धावान जो कोहीले लुम्बिनीमा बोधि वृक्षको दर्शन गर्न पाओस् । सम्पूर्ण बौद्धहरु नेपाल सरकार विकास लुम्विनी कोषसँग गम्भिर हुन आग्रह गर्दछ ।

### आनन्दबोधि वृक्षको महत्व

तथागत गौतम बुद्धले सवैभन्दा बढी वर्षावास श्रावस्तीमा विताउनु भएको थियो । श्रावस्तीका महाउपासक अनाथपिण्डिकले ५४ करोड खर्च गरेर जेतवन विहार र विशाखा महाउपासिकाले १८ करोड खर्च गरेर पूर्वाराम विहार बनाई संघलाई दान गरेका थिए । बौद्ध वाङ्मयको अध्ययन गर्दा भगवान बुद्धले २५ वर्षावास श्रावस्तीमा विताउनु भएको र प्रायः गदन धम्मो पदेशहरु जेतवनमा दिनुभएको पाइन्छ । यी तथ्यहरु आज पुरातात्विक प्रमाणहरुले पनि प्रमाणित गर्दछ । यति हुदाहुदै पनि तथागत भिक्षु संघ सहित चारीकाको निम्ति निस्किरहनुहुन्थ्यो । त्यतिवेला श्रावस्तीवासीलाई भगवानको अनुपस्थिति खट्किन्थ्यो । त्यसकारण महाउपासक अनाथ पिण्डिक, महाउपासिका विशाखा लगायत श्रावस्ती वासीहरु चाहन्थे कि- भगवान चारीकामा जानुहुदा उहाको कुनै प्रतीक श्रावस्तीमा स्थापना गरियोस ताकि सो ठाउमा उनीहरु पूजा र आदर सत्कार गरी भगवानको अनुपस्थितिको अनुभव गर्नु नपरोस् । उनीहरुले आफ्ना यी विचारहरु भगवानका नीजि सेवक स्थविर आनन्द समक्ष व्यक्त गरे । स्थविर आनन्दले भगवानको अनुमति र आज्ञा अनुसार भिक्षु महामोग्गलायनको सहायतावाट बोधिवृक्षको बीउ ल्याई श्रावस्तीमा रोप्न सफल हुनुभयो । त्यो पिपल वृक्ष आज पनि जेतवन विहारको मूलद्वार नजिकै शोभा दिइरहेको हामी पाउँछौ । बौद्ध धर्ममा सो वृक्ष आनन्दवोधि नामले सुप्रसिद्ध छ। बौद्ध वाङमयको गहन अध्ययन गर्दा हामी यो थाहा पाउछौं कि- भिक्षु आनन्दको अनुरोधमा भगवान बुद्ध एकरात आनन्दबोधि वृक्षमुनी समाधि अवस्थामा रहनुभएको थियो । आजसम्म पनि श्रावस्ती पुग्ने सम्पूर्ण बौद्धजनहरु आनन्दवोधिलाई भगवानको प्रतीक मानी श्रद्धापूर्वक पूजा अर्चना र प्रार्थना गर्दछन् । यस घटनावाट प्रष्ट हुन्छ कि भगवान बुद्धले पिपलको रुखलाई विशेष महत्व दिनुभएको थियो । यस कुरालाई हृदयङ्गम गरी धम्मराज लगायत वर, आँप, शाल र अशोकका

बिरुवाहरु २५००० ठाउमा लगाइ नया वृक्षारोपण शैलीको थालनी गरे, जुन आजभोलि पनि प्रचलित छ। सायद त्यसैले होला नेपालमा प्राय: ठाउ र गाउमा बाटाका छेउमा पिपल वर आँका पूराना रुखहरु भेटिन्छन। यो वातावरण संरक्षणको दृष्टिले साह्रै नै प्रशंसनीय निस्वार्थ पुण्य र मंगल कार्य हो।

### वातावरण संरक्षणमा पिपलको भूमिका

विगत वर्षहरु जस्तै यसवर्ष पनि जुन ५ तारिखका दिन विभिन्न कार्यक्रमहरु गरी विश्व वातावरण दिवस मनाइएका सुखद समाचारहरु प्रसारित र सम्प्रेषित भइरहेका छन। हामीले पनि गम्भीर भएर सोच्नै पर्दछ,- आज सयुक्त राष्ट्र संघ लगायत विश्वका अनगिन्ति सघसस्था, वैज्ञानिक र अन्य व्यक्तित्वहरु विश्व वातावरण प्रति किन यति विद्वान चिन्तित र सचेत हुनु परिरहेछन् ? उदेक लाग्दो नाङ्गो सत्य त यो छ कि विश्वले अपरिमित लगानी गर्दागर्दै पनि वायुप्रदुषण, जलप्रदुषण, भू-प्रदुषण, ध्वनी प्रदुषण जलचक्र समस्या, ओजोन तह समस्या, ग्लोवल वार्मिङ, अम्ल वर्षा, वाढी, पहिरो जस्ता वातावरणीय समस्या घट्नुको सट्टा दिनहुं बढ्दो छ। परिणामत: मानवीय, जैविक वानस्पतिक विविधता र जीवनचक्रमै प्रतिकुल असर देखिएको छ। वैज्ञानिकहरुले सचेत गराइरहेका छन्- यदि समयमा नै हामी सचेत भई संरक्षणात्मक कदम नचाल्ने हो भने पृथ्वीमा कुनै पनि शक्तिले रोक्न नसक्ने वातावरणीय क्षति हुन सक्दछ। उदाहरणका लागि हामी हालै वर्मामा आएको आधि चीनमा आएको भूकम्पलाई लिन सक्दछौं। आखिर किन विश्वका यतिविधि विद्वान र उनीहरुका विद्वताले पृथ्वीमा आउने यस्ता विपत्तिवाट जोगाउन पूर्णत: सफल भएको छैन ? कतै मानव समुदायले वाटो विरायो कि ? प्राकृतिक नियम विरुद्ध हिंडेर वा प्राकृतिक नियम माथि विजय हासिल गर्न असफल प्रयास गरेर ! त्यसैले वर्तमान अवस्थामा प्रकृति र प्राकृतिक नियमको शिक्षा दिने बुद्ध धर्म र शिक्षाको महत्व विश्वसामु अझै बढेको छ। त्यसैले अब एक पटक वातावरण सरक्षणमा बुद्धोपदेशको प्रयोगात्मक अध्ययन अनुसन्धान गर्नु अनिवार्य आवश्यकता भएको छ। सम्वन्धित पक्षको प्रज्ञा जागोस्। वुद्धशिक्षा र वैज्ञानिक अनुसन्धानको आजसम्मको अध्ययन अनुसार सम्पूर्ण प्रकारका प्रदुषणको न्युनीकरण गरी वातावरण संरक्षण गर्न पिपलको विरुवा रोप्नु र हुर्काउनु सवैभन्दा सस्तो, सरल र दीर्घकालीन तरीका हुने निश्चित छ। पिपल नै त्यस्तो विरुवा हो, जसले सर्वाधिक कार्वनडाइ अक्साइड शोषण गरी सर्वाधिक प्राणवायु अक्सिजन उत्पादन गरेर वायु प्रदुषण र ग्लोवल वार्मिङ दुवै नियन्त्रण गर्दछ। लामो आयुको कारण एक पटक रोपेपछि यसले ३००० वर्षसम्म लगातार भू-संरक्षण, भूगोलको शुद्धीकरण र जलचक्रको व्यवस्थापन गर्नमा महत्वपूर्ण भूमिका खेल्दछ। यसले पूरा आयुभर जंगली जनावर, चराचुरुङ्गी किट्पतङ्ग, जसले वातावरण व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेल्दछ,, तिनीहरुलाई खाना, वासस्थान, सुरक्षा र शुद्ध हावा प्रदान गर्दछ। यसका झरेका पातहरु चित्रकारितामा, पशुपालनको लागि सोत्तर, जैविक खेतीमा प्रयोग गरी आर्थिक लाभ लिन सकिन्छ।

### आयुर्वेदिक उपयोगिता

पिपलले हामी मानव जातिलाई सितल छाहारी मात्र दिदैन, विभिन्न खाद्य पदार्थ र औषधि पनि दिन्छ। आयुर्वेदिक उपचार पद्धतिमा पिपल छाला सम्वन्धि, पाचनक्रिया सम्वन्धि, रक्त विकार सम्वन्धि, मासिक क्रिया सम्वन्धि रोगहरु दन्तरोग, हड्डी र पिसाब सम्बन्धि रोगहरुमा पिपलको प्रयोग गर्न सकिन्छ। जस्तै: दुवीको उपचारमा पिपलको दूध उपयोगी हुन्छ। धातुमेह, वाथमा पिपलको जरा प्रयोग गर्न सकिन्छ। जराको वोक्रा लुतोमा उपयोगी हुन्छ। पिपलको फल खानाले पाचनशक्ति बढाउछ। फलले दम र कफका विरामीलाई पनि फाइदा पुऱ्याउछ। अल्सर, स्वेत रक्त बढ्ने रोग, रक्तविकारले भएको चर्मरोगमा यसको प्रयोग गरिन्छ। कम्मर दुखेमा, पिसाव पोल्ने, हड्डीको जलन, पित्तथैली सुन्निने, दादले चिलाउने रोगहरुमा पनि यसको प्रयोग गर्न सकिन्छ। आगोले पोलेको र स्मरण शक्ति बढाउन पनि यो उपयोगी मानिन्छ। काटेको घाउ, खटिरा आदिको उपचारमा पनि पिपल उपयोगी मानिन्छ। यसप्रकार पिपल आर्युवेदिक

चिकित्सामा बहु उपयोगि बिरुवा प्रमाणित भएमकेको छ । त्यसैले यसलाई कल्पवृक्ष भनिएको होला । (घिमिरे उ , तपाईको घरको डाक्टर)

पुराना पिपलका रुखहरुमा सुनगाभा खेति गर्न सके पर्यावरणीय पर्यटनको प्रवर्धन गरेर थप आय आर्जन गर्न सकिन्छ । पिपलका यस्ता उपयोगिताहरुको व्यवस्थित अध्ययन अनुसन्धान गर्न सके यो साच्चै वातावरण सरक्षणका लागि सवैभन्दा सस्तो भरपर्दो र अतुलनीय वृक्ष बन्न सक्दछ । यसमा शंका छैन । त्यसैले पो भगवान वुद्धले आफ्नो प्रतीकका रुपमा पिपल लगाउन भिक्षु आनन्द र श्रावस्ती वासीलाई उत्प्रेरित गर्नुभएको हो कि ?

यहा उल्लेख गर्नैपर्ने दुखद सत्य, जुन हामीले टुलुटुलु हेरिरहेका छौ- केही वर्ष यता वातावरणको जिम्मेवारी बोकेर वातावरणीय क्षति पुऱ्याउनेलाई दण्ड दिने उद्घोष गर्ने पोखरा उपमहानगरपालिकाले पोखरी भएका सार्वजनिक जग्गाहरु अतिक्रमण गरी भवनहरु वनाउने काम मात्र गरेको छैन, केही ठाउहरुमा स्थानीय केही व्यक्तिको स्वार्थ सिद्ध गर्न वहुमूल्य पिपलका रुखलाई काटेर पुर्खाले गरेको मंगलकार्यको उपहास पनि गरेको छ । (जस्तै पृथ्वीचोक, रत्नचोकका पिपल वृक्ष) सवै नेपालीलाई पिपलको महत्व वुझी यसको संरक्षण गर्नुपर्दछ भन्ने प्रज्ञा लाभ होस् । यदि कहीकतै पिपल काट्न षडयन्त्र भइरहेको छ भने कम्तिमा दश चोटी ठण्डा दिमागले सोचौ, त्यसले तपाईको के विगारेको छ र तपाईको मोहडा छेकिनु र पिपलको महत्व तराजुको दुइ पल्लामा राखेर दिमागले सोचौ कुन गह्रुगो छ र मात्र हितकारी निर्णय गरौ । किनभने वुद्ध जन्मभूमिमा जन्मेको जिम्मेवार नागरिकले वुद्धशिक्षाको उपेक्षा गर्दै वुद्ध प्रतीकको हत्या गर्नु, प्राकृतिक विपत्ति निम्त्याउने पापकर्म हो । त्यसैले विश्व वातावरण दिवस मनाउने महान चेतनाहरु । आजै प्रण गरौ अविद्या नाशगरी एक नेपाली एक पिपल विरुवा रोपी सम्पूर्ण वातावरणीय अनिष्ट रोक्ने पहल गरौं । पिपल रुख नकाट्न सचेत कानुन वनाऔं ।

**भवतु सब्ब मंगल**


राजधानी बाहिरको एकमात्र
वौद्ध मासिक पत्रिका

धर्मचक्षु

वर्ष १० पूरा गरी ११ वर्षमा पदार्पण गरेको अवसरमा
धर्मचक्षु वौद्ध मासिक पत्रिकाको नियमितताको कामना गरी
आगामी दिनमा यस्को स्तरियता अरु वृद्धि होस
र
वुद्धधर्मको प्रचारमा महत्वपूर्ण योगदान पुऱ्याउन सकोस्
यही शुभकामना छ ।

तुलामान बुद्धाचार्य
सिद्धार्थ नगर, भैरहवा




Wondershare PDFelement

# अनुभवले देखायो-धर्म निरपेक्षको आवश्यकता

- कुसुम केशव पराजुली -

एक दिन मलाई अत्यन्त नजिकको भित्रले सुनाउनु भयो "जगत गुरुले भन्नुभयो रे नेपालको भौतिक र आर्थिक विकास गर्ने जिम्मेवारी तात्कालीन राजा ज्ञानेन्द्रको भयो, नेपालीहरुलाई धार्मिक सम्पन्न वनाउने जिम्मा मलाई छोडिदिनुस्।" त्यत्तिवेला हिन्दू धर्मका महान चिन्तक, प्रखर प्रवक्ता तथा भक्तियोगका महापुरुष जगतगुरु कृपालुजी महाराज नेपाल आउनु भएको थियो। काठमाण्डौमा एक साता अखण्ड प्रवचन चलिरहेको थियो । तत्कालीन राजा ज्ञानेन्द्रको सवारी पनि त्यहाँ भएको थियो । मेरा अनन्य मित्र पनि भक्तपुरको श्यामा श्याम धाम पुगेर आउनु भएको रहेछ। अन्तिम दिनमा जगतगुरुले दिनु हुने महाप्रवचन दशरथ रंगशालावाट प्रत्यक्ष प्रसारणको कार्यक्रम मिलाईएको रहेछ। भर्खरै राजाको नेतृत्वमा रहेको सरकारले विवादास्पद नगर निर्वाचन गरेको थियो । जगतगुरुलाई सम्मान गर्न काठमाण्डौका नगर प्रमुख, विभिन्न शक्ति केन्द्रका अधिकृतहरु उपस्थित थिए । श्यामाश्याम मार्गी भक्तालु जनहरु र प्रशाशकहरु सहभागी थिए । पानी घमासानको पऱ्यो, उपस्थिति ढिलो र अपेक्षाकृत थिएन। हामीले घर-घरवाट टि.भी. च्यानलमार्फत प्रत्यक्ष प्रसारण हेर्न प्राविधिक र प्राकृतिक कठिनाई भोग्नु पऱ्यो । गुरुको खुल्ला प्रवचन सुन्न नपाउदा मलाई प्रकृति प्रति क्षोभ लागे जस्तो भयो। अर्को तर्फ सोचे गुरुले वारम्वार उच्चारण गर्नु भएको "विश्वको एक मात्र हिन्दू अधिराज्य र यसका महान सम्राट" प्रति नै अनिष्ट सृजना भएको त थिएन ? मेरो आदर समान उत्तिकै छ गुरु प्रति । तर त्यतिबेला नेपालमा सबै तह र पक्षबाट पीडित जनताले हिंसा र दासत्वबाट मुक्ति खोज्दै थिए भन्ने कुरा गुरुको कानसम्म कसैले नपुऱ्याएका रहेछन ।

राजनीति गर्नेहरुलाई राजनीतिकै सरोकार थियो होला । उद्योग र व्यवसाय गर्नेहरुलाई ऋण, नोक्सानकै चिन्ता थियो होला । पेशाकर्मीहरुलाई स्वाभीमानी र पेशागत सुरक्षाको डर थियो । मानव अधिकार र नागरिक समाजलाई स्वतन्त्रताको मोह थियो। धर्म र संस्कृतिको एकाधिकारवाट तडपिएकाहरुले आ-आफ्नो आस्था- विश्वासलाई कसरी राज्य, संविधान, ऐन, कानून र व्यवस्थापनवाट सह- अस्तित्व प्राप्त गर्न सकिन्छ होला भनेर लागेका थिए । यस्तै विषम परिस्थितिमा हिन्दू धर्मका महान गुरुहरु, पण्डित र जोगीहरु (योगी नहुन सक्छन्!) नेपाल भित्रिने र विश्व हिन्दू महासंघको नामवाट केही दान लिएर फर्कने गर्नुभएको परंपरा हामी कहा छ। यसै शिलशीलामा महाशिवरात्रीमा भाङ्, धतुरो, गाँजाको प्रवन्ध गरिदिन विश्व हिन्दू महासंघ वा पशुपति क्षेत्र विकास कोषका पदाधिकारीले उचित पारिश्रमिक र भत्ता नदिए वापत नाङ्ग वावाहरुले सडकमै सुतेर आन्दोलन गरेको पनि देखियो । हिन्दू अधिराज्यको राजसत्ता टिकाउन गरि एका ती कर्महरुले राम्रो प्रतिफल दिदैनथे भन्ने कुरा शासन- प्रशासन चलाउनेहरुले वुझेका थिएनन्। स्वयं हिन्दू धर्मको लागि यो फलदायी थिएन । राज्यको ढिकुटी र श्रद्धालु जनको दानको अपार धन राशीमा गिद्धे नजर राख्नेहरुले नै यस्ता कर्महरु गर्दथे । हिन्दू धर्मकै कुनै कुनै कर्मयोगीहरु भन्दछन् कि "यो धर्मको नाममा व्यापार हो र त्यसो गर्ने मध्ये कतिपय त पाखण्डी पुरोहित समेत छन्।" आनन्द मूर्ति गुरुमाको भनाई मैले त्यस्तै सुनेको थिएं ।

जुन बेला मुलुकमा "बुद्ध शरणम् गच्छामि, धर्म शरणम् गच्छामि, संघम् शरणम् गच्छामि" को नारा घन्किनु पर्दथ्यो त्यहि बेला नेपाल आमाका धेरै सन्तानहरु सडक, घर र जंगलमा शहादत प्राप्त गर्दै थिए। बुद्धको देश भनेर चिनाईने राज्यबाट जब दमन

र हिंसा बढाईंयो त्यति बेमानी पुरानो विधान, ऐन, कानून र व्यवस्था चाहिएन: अब सर्वत्र स्वतन्त्रता देउ भन्ने माग उठ्यो । एउटा वंश, धर्म र वर्गले गरेको शासनबाट छटपटिएकाहरु सडकमा ओर्लिए । के हिन्दू, बौद्ध, इसाई वा मुसलमान सबै जनाले आ- आफ्नो ठाउबाट शान्तिको लागि प्रार्थना गरे । धर्ममा प्रत्यक्ष राजनीति गर्ने प्रथाको अन्त्य गर्न उनीहरुले चाहे । राजनीति गर्नेहरुको आफ्नै सिद्धान्त, विचार र कार्यपद्धति होला तर सबै धर्मका आस्थावान वा अनुयायीहरु भने अब धर्म निरपेक्ष राज्यको आवश्यकता छ भन्ने निस्कर्षमा पुग्न थाले । जुनकुरा नेपाल अधिराज्यको संविधान २०४७ ले दिन सकेको थिएन, त्यही नागरिक अधिकार नेपाली जनताले खोजे । यो कुराको अभिव्यक्ति कुनै मंच वा भाषणमा राजनैतिक दलका नेताहरुले कम नै उठाएको पाईन्छ । तर सबै खालका अध्यात्मवादीहरुले अब मुलुक धर्म र संस्कृतिको रुपले समेत स्वतन्त्र हुनुपर्छ भन्ने ठानेका थिए । यो सवाल उठाउदा राज्यका ठेकेदारहरुले नेपालका विद्रोही वा नास्तिक नामक बिल्ला समेत पहिराउने गर्दथे । वास्तवमा अ-शान्ति, वितण्डताको कारक भनेको राज्यसत्ता, त्यस्ले लिने राष्ट्रिय नीति र त्यसको व्यवस्थापन बन्दै आएको विदितै छ ।

मलाई दुख लागेको छ "म पूर्ण रुपमा बौद्धमार्गी बन्न सकिन ।" बुद्धका पञ्चशीलको अनुयायी हुने कोशिस निरन्तर गर्दैछु । सबै धर्म र संस्कृतिलाई नेपालीले सम्मान गर्दछन । यस मानेमा हाम्रो सास्कृतिक विविधता पनि आध्यात्मिक पूजि हो । राज्यले कसैलाई काखा र पाखा गर्नु हुदैन । हामीले सबै खाले समानताको हक खोज्दा राज्यको सम्मान सबै धर्म प्रति हुनुपर्दछ । जातजाति, भाषा, संस्कृति, धर्म संस्कारगत हिसाबले हेर्ने हो भने अब बन्ने नया सम्विधानमा धर्म निरपेक्ष राज्यको घोषणा स्थायी रुपले गर्ने दिन आइसकेको छ । अब फेरी सेनाका जर्नेलहरुलाई धर्मको ठेक्का दिएर करोडौ रुपैया हिन्दू धर्म कै नाममा स्वाहा पारिने परिपाटीको अन्त्य हुनुपर्छ । मलाई निराशा जागेको अर्को कुरा कोट्याउदा पाप नलागोस्, म प्रार्थना गर्दछु । विश्व हिन्दू महासंघको स्थापना भएको पचीस वर्ष पुग्दा ठूलो खर्चमा, बडा-उत्सव मनाईयो । तात्कालीन राजा ज्ञानेन्द्रको आव्हानमा भारतबाट धेरै धर्म गुरुहरु आउनुभयो । जगत गुरु शकराचार्य सरस्वतीको पनि आगमन भयो । उहाले भन्नुभयो "राजाको प्रत्यक्ष शासन हामी हिन्दूहरुको लागि महान् गौरव र खुशीको कुरा हो ।" शकराचार्य ज्यू प्रति हाम्रो उत्तिकै आदर एवं सम्मान छ, तर त्यस अवसरमा उहाको ब्रम्हज्ञानले निहत्था, अहिंसक, शान्तिप्रेमी कतिपय त कट्टर हिन्दूहरु नै राज्यको तातो गोलीका शिकार बनेर सडकमा ढल्दै थिए भन्ने बुझिदिएको भए हुन्थ्यो । त्यो कुरा उहाले बुझ्नु भएनछ । जसको परिणाम आज देखिएको छ ।

राज्यको धर्मको पक्षपोषणको नाममा एउटा धर्मको प्रचार प्रसार गर्नु, धर्मको नाममा राष्ट्रिय ढिकुटी सिध्याउनु शासन गर्नेहरुको लागि भलो होला । तर रगत पसिना बगाएर जिविका चलाउने नेपालीको यस्तो पद्धतिले केही भलो भएको छैन । कर र राजस्वको दुरुपयोग गरेर शोषण गर्ने र राजकीय धर्मको नाममा निरंकुशता लाद्नु अन्यायन होइन र ? सिद्धान्तमा अहिले धर्मनिरपेक्ष भएपनि व्यवहारमा त्यो कार्यान्वयन भएको छैन । अहिले यीनै सवाल उठाउने बेला हो । हामी कहा नया सविधान लेखनको प्रकृया अगाडि बढ्दै छ । सविधान सभाको नाम दिईएको उक्त दस्तावेजमा "स्थायीरुपले नेपाल एक धर्म निरपेक्ष, स्वतन्त्र राज्य हो" भन्ने कुरा लेखाउन सबै जनाले बौद्धिक वैचारिक दवाव सृजना गर्नु पर्ने बेला हो । सबै सन्त भिक्षु, महन्थ, शान्तिका पुजारीहरुले बौद्ध कालीन संघात्मक अविभाज्य समाज निर्माणका लागि योगदान पुऱ्याउनु पर्छ । त्यस्तै सामाजिक व्यवस्थामा वास्तविक स्वतन्त्रता, लोकतन्त्र, शान्ति एवं दिगो विकास हुन सक्छ । सह-अस्तित्व र पचशीलका सिद्धान्त हाम्रो गृह नीति भयो भने परराष्ट्र नीति पनि त्यस्तै बनाउन सजिलो हुन्छ । अनि मात्र सुन्दर, शान्त र विशाल नेपाल चरितार्थ हुन्छ ।

# BUDDHA'S WORLD

*Dharam Gurung*
*Pokhara–9*
*Mobile– 9856020823*

om mani padme hum
om ami dewa hree
om mani padme hum hree
om ami dewa hree.

Buddha was born in Lumbini
Incarnated as a human being
Good way of the Buddha's truth
Follow to the Buddha's rule

Buddha has the wisdom
whole heartedly love to every lives
Buddha has the enlightenment
Always has a peace of mind.

Don't be violent in the world
people need a peaceful world
once you've got a human being
Let them live for a lifetime.

Sinner will rescue from the hell
Buddha will take you beyond the heaven
If you pray now the Buddha's word
You will be born in the Buddha's world.

Om ah hum bajra guru padme siddhi hum.



Wondershare PDFelement

# धर्मशीला बुद्ध विहार पोखरा केन्द्रबाट परियत्ति शिक्षा उत्तीर्ण विद्यार्थीहरू

| क.स | पञ्जिका | नाम | कक्षा | १ अंक | २ अंक | ३ अंक | जम्मा | श्रेणी | % |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८९२० | उदयबहादुर अमात्य | ५ | ४० | ६६ | ६५ | १७१ | द्वितीय | ५७ |
| २ | ८९१६ | अमीर मान श्रेष्ठ | ५ | ३३ | ५१ | ५९ | १४३ | द्वितीय | ४८ |
| ३ | १३३२८ | चेतन आनन्द सिंह ताङ्वे | ४ | ७४ | ८४ | ८६ | २४४ | प्रथम | ८१ |
| ४ | १२२३६ | गंगा कुमाल | ४ | ५८ | ६१ | ६० | १७९ | प्रथम | ६० |
| ५ | १३३२६ | अञ्जली जोशी | ४ | ५१ | ५५ | ६८ | १७४ | द्वितीय | ५८ |
| ६ | १३३२७ | उत्तममान बुद्धाचार्य | ४ | ४८ | ४९ | ७० | १६७ | द्वितीय | ५६ |
| ७ | १३३२९ | राजकुमारी गुरुङ्ग | ४ | ६४ | ४५ | ५० | १५९ | द्वितीय | ५३ |
| ८ | १३३२५ | श्याम शाक्य | ४ | ४३ | ५१ | ५५ | १४९ | द्वितीय | ५० |
| ९ | १३३५४ | रोशन तामाङ्ग | १ | ८३ | | | ८३ | प्रथम | ८३ |
| १० | १३३४२ | सुमेध मान बुद्धाचार्य | १ | ७९ | | | ७९ | प्रथम | ७९ |
| ११ | १३३४३ | अञ्जना वराल | १ | ७९ | | | ७९ | प्रथम | ७९ |
| १२ | १३३५९ | सक्षममान बुद्धाचार्य | १ | ७६ | | | ७६ | प्रथम | ७६ |
| १३ | १३३३६ | ज्योति कुमारी शाह | १ | ७० | | | ७० | प्रथम | ७० |
| १४ | १३३३९ | मिन वहादुर नेपाली | १ | ७० | | | ७० | प्रथम | ७० |
| १५ | १३३३० | निमा शेर्पा | १ | ७० | | | ७० | प्रथम | ७० |
| १६ | १३३४५ | भुवन नेपाली | १ | ६५ | | | ६५ | प्रथम | ६५ |
| १७ | १३३४९ | श्रामणेर माहानाम | १ | ६३ | | | ६३ | प्रथम | ६३ |
| १८ | १३३५० | सिर्जना उदास | १ | ६१ | | | ६१ | प्रथम | ६१ |
| १९ | १३३४४ | सन्तोषी मगर | १ | ६० | | | ६० | प्रथम | ६० |
| २० | १३३३५ | फुर्वा शेर्पा | १ | ५३ | | | ५३ | द्वितीय | ५३ |
| २१ | १३३३१ | निता बुद्धाचार्य | १ | ५२ | | | ५२ | द्वितीय | ५२ |
| २२ | १३३५३ | सुजन मगर | १ | ५१ | | | ५१ | द्वितीय | ५१ |
| २३ | १३३३३ | सम्झना तामाङ्ग | १ | ५० | | | ५० | द्वितीय | ५० |
| २४ | १३३६० | विजय परियार | १ | ४७ | | | ४७ | द्वितीय | ४७ |
| २५ | १३३४७ | आरति कुमारी शाह | १ | ४५ | | | ४५ | द्वितीय | ४५ |
| २६ | १३३५८ | सुस्रव नेपाली | १ | ३६ | | | ३६ | तृतीय | ३६ |
| २७ | १३३४८ | गीता नेपाली | १ | ३३ | | | ३३ | तृतीय | ३३ |

# नालन्दाले पुनर्जीवन पाउने

*- हिमेश बज्राचार्य -*

विश्वकै पुरानो विश्वविद्यालय नालन्दाले पुनर्जीवन पाउने भएको छ । भारतको प्रान्तीय विहार सरकारले एक हजार करोड भारतीय रुपैयाको योजनाका लागि पाँच सय एकड जग्गा खोजिसकेको र सम्भवतः आधुनिक नालन्दा विश्वविद्यालयले अर्को वर्षदेखि नै प्रारम्भिक पढाइ सुरु गरिसक्नेछ हिन्दुस्तान टाइम्सले जनाएको छ ।

मानव सभ्यतामा बौद्ध धर्मको सर्वाधिक ठूलो देन विश्वविदालयको सोच मानिन्छ र यसकै कडीका रुपमा नालन्दा रहेको छ। विहार स्थापना र त्यसमा बौद्ध दर्शनको अध्ययनसँगै सुरु भएको शिक्षा पद्धतिले चौथो शताब्दीसम्म आएर विश्वविद्यालयको रुप लिएको थियो ।

नालन्दा विश्वविद्यालयको स्थापना मगध राजा शक्रादित्यले गरेको मानिन्छ। उनीपछि बौद्ध भिक्षु भए र कुमारगुप्त नामले प्रख्यात भए। विहार राजधानी पटनावाट ५५ माइल पर प्राचीन नालन्दा विश्वविद्यालय रहेको मानिन्छ । समृद्ध स्थितिमा त्यहा पूरा एसियाकै दस हजार विद्यार्थी अध्ययन गर्थे र दुई हजार प्राध्यापकले अध्यापन गराउथे ।

बेलायतको प्रसिद्ध अक्सफोर्ड विश्वविद्यालय नालन्दाको स्वरुप र वनावटबाट प्रभावित मानिन्छ । सन् ११९३ मा मुस्लिम आक्रमणमा नालन्दा ध्वस्त भएको थियो । विश्वविद्यालयका भग्नावेश अहिले पनि सुरक्षित छन र यो पर्यटकीय केन्द्र भएको छ ।

प्राचीन नालन्दा विश्व विद्यालयसंग नेपाली महायानी बौद्ध इतिहासको गहिरो सम्बन्ध रहेको मानिन्छ। नालन्दा विश्वविद्यालयमा पढेका कनकश्री, मानश्री र रत्नश्री नेपाली हुन भनेर राहुल सांकृत्यानले उल्लेख गरेका छन् । भारतमा बौद्ध धर्मको पतनपछि त्यहा विकास भएको परम्परा हाल नेपालमण्डलमा प्रचलित रहेको छ। ईशाको सातौं शताब्दीमा भारत आएका चिनिया तीर्थयात्री हुयन साङले नालन्दा विश्वविद्यालयको वैभवशालितावारे वयान गरेका छन् ।

मुश्लिम आक्रमणवाट बचेका बौद्ध विद्वानहरु ऐतिहासिक ग्रन्थसँगै भागेर केही नेपाल छिरे भने केही तिब्वत गएका थिए । ती ग्रन्थ अहिले पनि नेपालमा रहेको विश्वास छ । समृद्ध अवस्थामा नालन्दामा बुद्धका मूर्ति पनि निर्माण गरिए ।

अहिले उपलब्ध भग्नावशेष मूर्तिका स्वरुप नेपालमा रहेका बुद्ध मूर्तिसँग मिल्दोजुल्दो मानिन्छ । हुयन साङसँगै इत्सिङ नालन्दा विश्वविद्यालयका छात्रा रहेका थिए। यी दुवैले नेपालको भ्रमण पनि गरे । यिनैले लेखेका यात्रा विवरणवाट प्राचीन नेपालको इतिहास लेख्न मदत भएको थियो ।

नालन्दा विश्वविद्यालयका प्रमुख आचार्य बोधिभद्र, शान्तरक्षित, पद्मसम्भव, वसुबन्धु, असंग थिए । आचार्य वसुबन्धुले आफ्नो जीवनको अन्तिम समय नेपालमै बिताएका थिए । स्वयम्भूमा उनको सम्झनामा चैत्य रहेको छ। शान्तरक्षित र पद्मसम्भव तिब्वत जान अगाडि नेपालमा आई बसेका थिए ।

जापान, चीन र सिंगापुरको सरकारले नालन्दा पुनर्निर्माणमा सहयोग गर्नेछन । आधुनिक नालन्दा विश्वविद्यालयमा बौद्ध दर्शनबाहेक ४६ संकायमा पढाइ हुने वताइएको छ ।

(कान्तिपुर दैनिकबाट)

# २५५२ औं बुद्ध जयन्ती समारोह संपन्न

पोखरा ।

सिद्धार्थ गौतमको जन्म, बुद्धत्व प्राप्ति तथा महापरिनिर्वाण दिवसको उपलक्ष्यमा वैशाख ७ गते वैशाख पूर्णिमाका दिन आयोजित कार्यक्रम यहा भव्य रुपले संपन्न भयो ।

बौद्ध अर्घा सदनमा आयोजित सो धार्मिक सभा कार्यक्रममा भूतपूर्व प्रधानमंत्री तथा नेपाली कांग्रेसका वरिष्ठ नेता शेरबहादुर देउवाले अहिंसालाई व्यवहारमा अपनाउन सके व्यावहारिक जीवनमा ठूलो परिवर्तन आउने विचार पनि व्यक्त गर्नुभयो ।

पूर्व प्रधानमंत्री देउबाले ज्ञानमाला भजन गाएर लामो समयदेखि बुद्धदेखिको प्रचार-प्रसारमा योगदान दिदै आउनु भएका गायक, तथा संगीतकार प्रज्ञारत्न वज्राचार्य र बौद्ध अर्घा सदनका उपासिका अकला देवी गुरुङ्ग, जसले न्यूनीव्रत, ध्यान लगायतका मार्ग अपनाएर तथा बुद्ध धर्मको सेवा गरेर सद्धर्मको प्रचारमा योगदान गर्दै आउनु भएको छ, उहालाई उहाहरुको योगदानको कदर गर्दै सम्मान पत्र-प्रदान गर्नुभयो ।

त्यसतै समारोहमा छोरेपाटन गुम्वाका टुल्कु लोरसाङले यस वर्ष बौद्ध शिक्षा "परियत्ति शिक्षा" उत्तीर्ण हुनु भएका विधार्थीहरुलाई प्रमाण पत्र र प्रथम भएकाहरुलाई पुरस्कार प्रदान गर्नु भयो । यस वर्ष पोखराको धर्मशीला बुद्ध विहार केन्द्रबाट विभिन्न कक्षाका गरी २७ जना उत्तीर्ण हुनु भएको थियो ।

धर्म सभामा काठमाण्डौबाट आउनु भएका कर्मा स्याम्पोले बुद्धधर्मको विशद व्याख्या गरी अहिंसा धर्म नेपाल र नेपालीको लागि अति आवश्यक भएको बताउनु भयो । उहाले मान्छे हिंसामा बाँच्न सक्दैन भन्दै सबैले अहिंसा अपनाउनु पर्नेमा जोड दिनुभयो ।

काठमाण्डौबाट आउनु भएका भिक्षु जनकले बुद्ध धर्मको महत्व विश्व व्यापी रुपमा बढ्दै गएको बेलामा नेपालले बत्तीमुनी अध्यारो गरी बस्न विचार व्यक्त: गर्नुभयो । उहाले जति छिटो बौद्ध शिक्षालाई आत्मसात गर्न सक्यौं, उति छिटो हामी लाभान्वित हुनेछौ भन्नुभयो ।

पोखरा विश्वविद्यालयका पूर्व रजिष्ट्रार प्रकाशमान गुभाजूले संविधान सभाले तथा नेपालको संविधान निर्माण गर्न लागेको बेलामा बुद्धको देश नेपाललाई अझ सशक्त रुपमा चिनाउन बौद्ध कुर । एवं प्रतीक चिन्हहरु संविधान उल्लेख गर्नु पर्दछ भन्नुभयो । उहाले संविधान सभामा बौद्ध एजेण्डा केकसरी लैजाने त्यसमा बौद्ध संघ संस्थाहरु उव बौद्ध विद्वानहरु ले चिन्तन मनन गर्नु पर्ने बेला आएको बताउनुभयो ।

समारोहको शुरुमा बुद्ध जयन्ती समारोह समितिका सदश्य तथा बौद्ध अर्घा सदनका अध्यक्ष वीरबहादुर गुरुङले स्वागत भाषण, समितिका बसन्त थकालीले सम्मानित व्यक्तिहरुको परिचय दिनु भएको थियो ।

समारोह समितिका अध्यक्ष हरिध्वज तुलाचनको अध्यक्षतामा भएको समारोह संचालन सचिव उत्तममान बुद्धाचार्यले गर्नुभएको थियो ।

यस अघि धर्मशीला बुद्धविहारबाट ठूलो संख्यामा उपासक उपासिका, भिक्षु लामाहरु एवं सर्वसाधारणहरु सम्मिलित शान्ति पदयात्रा बजार को विभिन्न भागको परिक्रमा गरेको थियो । सो दिन विहान आ-आफ्नै गुम्बा र विहारमा पूजा पाठ गरिएको थियो भने बेलुकी दीप यात्रा गरिएको थियो । पोखरामा २५५२ औं बुद्धजयन्ती सप्ताह व्यापी कार्यक्रम राखी मनाइएको थियो । जसमा विभिन्न बौद्ध संघ संस्थाहरु तथा जनजातिहरु सम्मिलित थिए ।

# ज्ञानमाला संघको ४४ औं वार्षिकोत्सव

पोखरा, ७ असार। ज्ञानमाला संघ धर्मशीला बुद्ध विहार नदीपुर पोखराको ४४ औं वार्षिकोत्सव तथा वार्षिक साधारणसभा शनिबार सम्पन्न भयो।

सभाको उद्‌घाटन गर्दै भिक्षु श्रद्धानन्दले श्रद्धा, विश्वास, शुद्ध आचरण र पञ्चशील पालना बुद्ध धर्मका महत्वपूण पक्ष हुन् भन्नुभयो।

पोखरा विश्वविद्यालयका पूर्व रजिष्ट्रार प्रकाशमान गुभाजूले बुद्ध शिक्षालाई रुचिपूर्ण र व्यवहारिक बनाउदै प्रभावकारी रुपमा अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा नेवा तजीलजी दबु पोखराका अध्यक्ष विष्णुशंकर ख्वाउजू, दायक सभाका सचिव कृष्णमान गुभाजू, ज्ञानमार्ग टोल विकास संस्थाका अध्यक्ष सनकमान सिकेले शुभकामना व्यक्त गर्नुभएको थियो।

संघका अध्यक्ष विक्रम उदासको सभापतित्वमा भएको सो कार्यक्रममा उपाध्यक्ष एवम् केन्द्रीय सदस्इ उत्तममान बुद्धाचार्यले आगामी पुसमा स.घको राष्ट्रिय भेला बुटवलमा आयोजना हुने जानकारी दिनुभयो।

सभामा सचिव श्याम शाक्यले प्रगति र कोषाध्यक्ष तेजेन्द्र शाक्यले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो।

यसै गरी संघद्वारा धर्मशिला बुद्ध विहारको विजुली पानी व्यवस्थाको लागि संकलित रकम दुई हजार आठ सय ४८ रुपैया भिक्षु श्रद्धानन्दलाई हस्तान्तरण गरिएको थियो।

# प्रतिमा अनावरण

तानसेन।

यहाको महावोधि विहार प्राङ्गणमा विहार का संस्थापक भिक्षु विमलानन्द महास्थविरको अर्धकटको प्रतिमा स्थापना गरिएको छ।

उहाको पुण्यतिथिको अवसर पारेर केही दिन पहिले आयोजित एक समारोहमा अखिल नेपाल भिक्षु महासंघका निवर्तमान अध्यक्ष भिक्षु कुमार काश्यप महास्थविरले सो प्रतिमा अनावरण गर्नु भयो।

सो अवसरमा उपसंघ नायक भिक्षु अश्वघोष महास्थविरले धर्मदेशना गर्नुभएको थियो। उहाले धर्मदेशनामा बुद्धको गुणानु स्मरण गरेर असल मान्छे उत्पादन गर्न सघाउ पुग्ने कुरा बताउनु भयो।

समारोहमा करुणबौद्ध संघका अध्यक्ष छत्रराज शाक्य, विपश्यना ध्यानका वरिष्ठ सहायक आचार्य शीलबहादुर वज्राचार्य, ज्ञानकाजी शाक्य, पूर्णमाया महर्जन, सुमना शाक्य, वसन्तलाल वज्राचार्य लगायतका वक्ताहरुले भिक्षु विमलानन्द महास्थाविर को योगदानको चर्चा गर्नुभएको थियो।

## विशेष अनुरोध

धर्म चक्षु मासिक राजधानी बाहिरबाट प्रकाशित हुने एक मात्र बौद्ध पत्रिका हो। यसको वार्षिक ग्राहक बनेर सहयोग गर्नु हुन अनुरोध छ।

वार्षिक ग्राहक शुल्क
(१२ अंकको) रु. २००/-

-संपादक

Wondershare PDFelement

# शान्ति स्तम्भ

*(संविधान सभाले निकट भविष्यमा देशको संविधान बनाउने कार्यको थालनी गर्दैछ । संविधानले नेपालीहरूले कल्पना गरेको नयाँ नेपाल, विकशित नेपाल र संवृद्ध नेपालको खाका कोर्ने निश्चित छ । त्यस्तो नेपाल निर्माण गर्नको लागि दिगो शान्ति अपरिहार्य हुन्छ भन्ने सर्वविदित छ । त्यसकारण संविधान सभामा शान्ति प्रस्ताव अघि सार्नु आजको आवश्यकता हो भन्ने हामीलाई लागेको छ ।*

*एक दशक लामो जनयुद्ध र तराई मधेशको सशस्त्र संघर्ष पश्चात नेपालीहरूको उत्कट चाहना पनि शान्ति हो, दिगो शान्ति हो । दिगो शान्ति त्यसै हुँदैन । त्यसको लागि आधार चाहिन्छ, वातावरण चाहिन्छ, सिद्धान्त र दर्शन चाहिन्छ । ती कुराहरू के-के हुन सक्दछन् र देशमा शान्ति संस्कृतिको निर्माण कसरी हुन सक्दछ, यो ज्यादै महत्वपूर्ण प्रश्न हो ।*

*यी कुराहरूलाई दृष्टिगत गरेर हामीले संविधान सभामा शान्ति प्रस्ताव के-कसरी लग्न सकिन्छ र नयाँ संविधानमा यो कुरालाई के-कसरी उल्लेख गर्न सकिन्छ, यो प्रश्न संबन्धित सबैलाई राख्दैछौं । प्राप्त जवाफ/विचार यसै स्तम्भमा प्रकाशित गरेका छौं । यो वर्ष भरी हामी यो स्तम्भलाई निरन्तरता दिनेछौं र प्राप्त जवाफ विचारको स्वागत गर्ने छौं । यसमा सहयोग गर्न हामी सम्वद्ध सबैसँग हार्दिक आग्रह गर्दछौं । )*

## १. संविधान सभामा शान्ति प्रस्ताव कसरी लग्न सकिन्छ ?
## २. नेपालको सन्दर्भमा दिगो शान्तिको आधार के हुन सक्दछ ?

शान्ति सबैको चाहना हो । विकास र स्थामित्वका लागि शान्ति आवश्यक छ भन्ने मा विमति राख्ने कमै हुन्छ। तथापि शान्ति स्थापनाको लागि, दिगो शान्तिको लागि के-के गरिनु पर्दछ, यसका आधार के के भन्ने कुरामा मतभेद छ।

समाज भनेको व्यक्ति-व्यक्ति मिलेर बनेको हुन्छ। व्यक्ति व्यक्तिको समाष्टि रुप समाज हो। त्यसैले नेपाली समाजमा दिगो शान्ति कायम गर्न प्रथमत: प्रत्यक नेपाली भित्र सद्‌गुण विकास हुनु आवश्यक छ। एकले अर्को माथि शोषण, अन्याय अत्याचार गर्नेप्रवृत्ति हावि हुदा सम्म शान्ति संभव रहदैन।

सरकारको नीति पनि लोक कल्याण कारी समतामूलक समाज सिर्जना गर्ने ठोस् कार्यक्रम कार्यान्वयन गर्न सक्षम हसनस पर्दछ। सबै जातजाति र लिङ्गका जनताले समान अवसर पाउनु पर्दछ। साथै पिछडिएका जाति वा वर्गलाई राज्यले विशेष सुविधा दिएर अवसरको उपयोग गर्न सक्षम बनाउनु पर्दछ। धनी र गरिवी वीचको दूरी साँघुरो बनाई समान अवसर सुशासन र विधिको शासन कायम गरेमा शान्ति दिगो हुन सक्दछ।

नेपाल भित्र दिगो शान्ति कायम गर्न दुइ छिमेकी राष्ट्रहरुसँग हाम्रो वरावरीको मैत्री संवन्ध पनि त्यत्ति कै आवश्यक छ। त्यसमा दुवै छिमेकीहरुले नेपाललाई शान्तिको क्षेत्र स्वीकार गर्ने/गराउने वातावरण सिर्जना गर्न राष्ट्रिय एकताका साथ संविधान सभाले ठोस् प्रस्ताव पारित गर्न सक्दछ।

*तिलक पटाजुली*
अधिवक्ता, पोखरा

शान्ति त्यो पनि दिगो रुपमा स्थापित नभए सम्म कुनै व्यक्ति समाज समूह र राष्ट्र सम्मुनत हुन सक्दैन । यो ध्रुवसत्य कुरा हो । यो जति सत्य हो त्यति नै सत्य के पनि हो भने व्यक्ति: समाज समूह र राष्ट्र सम्मनुत विसित मात्र होइन विकासको प्रतिफलको समान रुपमा वितरण नभएको अवस्थामा दिगो शान्ति स्थापनाको कल्पना पनि गर्न सकिदैन ।

यो वैज्ञानिक आधारमा परिक्षण भएको यथार्थ हो । किनकी सामान्य घर परिवारको उदाहरण लिने हो भने पनि जुन परिवारमा एकमाना दूधको मात्र जोंहो हुन सक्दछ तर दूध खान चार पाँच जना छोरा छोरी हुन्छन् त्यहाँ दुध खाने समयमा सधै तनाव खैलावैला र कोलाहलपूर्ण वातावरण देखिन्छ ।

तर एक दुई जना मात्र सन्तान भएका र कुंडेभरी दूध भउको घर परिवारको दूधको विषयमा लुछाचुडी हानथाप सघर्ष र द्वन्द हुदैन ।

यो कुरा समाजमा र राष्ट्रमा पनि लागु हुन्छ । अभाव गरिवी असमान वितरण, विभेद अनि राज्यमा आफ्नो पन अर्थात स्वामित्वको अनुभूति नहुनु नै शान्ति खलवल ल्याउने आधार हरु छन् ।

यसरी हेर्दा शान्ति स्थापनाका लागि शोषण र उत्पीडनका सवै औजारहरुलाई समाजबाट विस्थापित गर्नु पहिलो काम हो ।

अर्कोमहत्वपूर्ण कुरा उत्पादनको वितरणमा समानता तथा आर्थिक उपलब्धि र त्यसको प्रतिफल सम्पूर्ण वर्ग क्षेत्र जाती र समुदाय सम्म समान पर्दुच हुनु पनि दिगो शान्तिका पूर्व शर्तहरु हुन । छोटकरीमा भन्नु पर्दा समाजबाट सबै किसिमका विभेद को अन्त्य नै वास्तवमा शान्ति अझ भनौ दिगो शान्ति स्थापनाको महत्वपूर्ण पक्ष हो ।

हाम्रो जस्तो द्वन्दबाट शान्ति प्रक्रिया मार्फत दिगो शान्ति स्थापनामा लागेको समाजमा दिगो शान्ति स्थापनाका लागि आपसी विश्वास राज्यमा सबैको स्वापमत्व छ भन्ने भावनाको विकास पनि महत्वपूर्ण कडी हो ।

वास्तवमा भन्नु पर्दा २५०० वर्ष अगाडी भगवान बुद्धले मानव कल्याणका लागि दिनु भएको शान्तिको सन्देशमा अन्तनिहित भावना हिंसा रहित समाज सृजना गर्न करुणा, त्याग, भएकोविशाल दृश्य आवश्यक पर्दछ । जहाँ जसरी व्यवस्था गरे पनि दिगो शान्ति स्थापनामा राजनेताहरुको देश र जनताको कल्याण गर्ने एकमात्र इच्छा शक्ति भएको ठूलो हृदय हुनु महत्वपूर्ण कुरा हो । जसले शान्ति स्थापनाका सवै वाधक सामाजिक सम्बन्धहरुलाई निस्तेज पार्ने नीतिको अवलम्बन गर्न सकोस । यसका लागि अब बन्ने नेपालको गणतन्त्रात्मक संविधानमा शोषण र विभेदका सबै स्वरुपहरुलाई व्यवहारिक रुपमै अन्त्य गर्न सक्ने वलियो औजार निर्माण गर्ने प्रस्तावहरु लैजानु पर्दछ ।

त्यस्तै सबै जाती, भाषा, लिङ्ग, क्षेत्र र धर्मलाई समान रुपले सम्वोधन गर्ने नीति लिने प्रस्ताव गरौं । आर्थिक उत्पादन, वितरण श्रोत साधनको समान वितरणलाई स्थापित गर्ने नीति संविधानको प्रस्तावना भै राख्नु पर्दछ ।

नागरिकको स्वतन्त्रताको स्थापना सबै नागरिक वीच समानतालाई कुन नीति सिद्धान्त व्यवहार र प्रयोग विभिले तारतम्यता मिलाउन सकिन्छ त्यो मिलाउनु पर्दछ । जसले प्रेसस्वतन्त्रता, नागरिक स्वतन्त्रता मानवअधिकारलाई स्थापित पनि गरोस तर यसका नाममा एक व्यक्तिवाट अर्को व्यक्ति, एक वर्गवाट अर्को वर्ग र एक जातीवाट अर्को जाती एक धर्मबाट अर्को धर्मको शोषण उत्पीडनमा पर्न नपरोस् ।

*माधव शर्मा*
वरिष्ठ पत्रकार

यसको लागि एउटा समिति "संविधान सभामा शान्तिप्रस्ताव मस्यौदा समिति" बनाउनु आवश्यक छ । सो समितिमा सवै जाति, सवै सस्कृति सवै धर्मका व्यक्तित्वहरुको प्रतिनिधित्व हुनु राम्रो हुनेछ । यसले वुँदागत रुपमा शान्तिका लागि अपरिहार्य आधारहरु कितान गरी हरेक आधार वा शान्तिको लागि चाहिने पक्षहरु वारे स्पष्ट सुझावहरु पेश गर्नु आवश्यक लाग्दछ । त्यस्तै गर ा शक्ति र वलले हुन सक्ने व्यवहारहरु, कार्यक्रमहरु, नीतिहरु के के हुन भनी उल्लेख गरी संविधानमा प्रष्ट उल्लेख गरी शान्ति खलल हुने व्यवहार, कार्यक्रम, गर्नेहरुलाई सकेसम्म सुधार्ने नसके दण्ड सजाय दिन मिल्ने संवैधानिक प्रावधानहरु र कानुनी प्रावधानहरु राखिनुपर्दछ र अन्य यस्तै थप सान्दर्भिक सुझावहरु संकलन गरी संविधान मस्यौमा पनि व्यापक जन दवाव सिर्जना गर्नुपर्छ ।

दिगो शान्तिका आधार धेरै मानिसका धेर धारणा हुन सक्छ । तर मेरो विचारमा दिगो शान्तिको मूल आधार शिक्षा नै हो । हामीले वालवालिकामा सानैदेखि झगड्ा गर्ने, अनावश्यक तर्क गर्ने, अरुलाई हेला गर्ने होच्याउने भावना विकाश गर्न पर्याप्त मलजल गर्छौ । यस्तो काम घर घरमा हुन्छ र विद्यालयमा समेत व्यक्तिवादी बन्ने शिक्षा दिदै यस्तै भावनालाई प्रोत्साहित हुने मौका दिन्छौ । यसको लागि सानैदेखि हाम्रो पाठ्यक्रम र शिक्षा प्रणालीमा समाजमा शान्ति प्रष्फूटित हुने वातावरण, सिर्जना हुने खाल्को शिक्षा प्रणाली प्रतिपादन गर्नुपर्दछ ।

यस्तै गरी अशान्ति पैदा गर्ने मानवीय विकारहरु पनि चिन्नुपर्छ र चिन्तन गरी त्यस्ता विकार र विकृतिहरु न्यून बनाउनुपर्छ । त्यस्ता केही मानविय विकारहरुमा अज्ञानता, अन्याय, अत्याचार हिंसा भावना, आपसी द्वैष, आपसी इर्ष्या, आपसी घृणा जस्ता कुराहरु पनि आउछन् । भगवान गौतम बुद्धको दर्शन अनुसार मानविय अज्ञानता भ्रम धारणा नै अशान्ति र दुख पैदा हुने मूल कारण हो । तसर्थ हामीले प्राथमिक शिक्षादेखि उच्च शिक्षासम्म वुद्ध दर्शन अध्ययन गराउने व्यवस्था शिक्षा प्रणालीमा राख्नु पर्दछ । यस्तै गरी अन्य धर्म, दर्शनहरुले पनि शान्तिको लागि क-कस्ता उपदेश, शिक्षा दिएका छन् तिनको पनि अध्ययन र व्याख्या हुनुपर्दछ ।

यस्तै गरी हत्या हिंसामा लाग्ने, चोरी गर्ने व्यभिचार गर्नेहरुलाई दण्ड्हीन हुने वातावरण वन्न दिनुहुदैन । त्यस्ता व्यक्तिलाई दण्डित पनि गर ाउनुको साथै शान्ति प्रति उन्मुख हुने व्यक्तित्व निर्माण गर्ने प्रेरणा दिनुपर्छ । यसको लागि देशको न्याय व्यवस्था, शान्ति सुरक्षा पनि सुदृढ वनाउन सके अझ दिगो आधार वन्न सक्छ भन्ने मेरो धारणा छ । अस्तु

*उदयबहादुर अमात्य*

पृथ्वीनारायण क्याम्पस, पोखरा

विगत एक दशक भन्दा अगाडी देखि नै नेपाली जनताले संविधान सभाको माग राख्दै देशमा विभिन्न किसिमका संघर्षहरु गर्दै आएका थिए । फलस्वरुप संविधान सभाको निर्वाचन पनि सम्पन्न भई संविधानको आकृति कोर्ने क्रममा छ । सवै र ाजनीतिक दलका नेता तथा कार्यकर्ताहरु ।

संविधान निश्चय पनि निकट भविष्यमा वन्ने छ, सैदान्तिक रुपमा देशको सामाजिक, आर्थिक, राजनैतिक, लैङ्गिक तथा धार्मिक पक्षहरुलाई समेटिएर । वास्तवमा जति नै राम्रो संविधान बनाए पनि त्यस संविधानलाई व्यवहारमा लागू गर्न सकिएन भने त्यसको कुनै औचित्य नै रहने छैन । तसर्थ देशको संविधान बनाउनु भन्दा पूर्व संविधानको र ेखा कोर्ने व्यक्तित्वहरु लगायत सम्पूर्ण नेपाली जनताहरुले " मै खाँऊ, मै लगाँऊ, मै सुख सहेल गरौ" भन्ने भावनालाई त्यागि आफ्ना व्यवहारहरुलाई

परिवर्तन गर्न सकिएको खण्डमा मात्र संविधान सभाको सार्थकता रहने छ ।

शान्तिको सन्दर्भमा कुरा गर्नु पर्दा सबैलाई चाहेको छ शान्ति, कसैलाई पनि चाहिएको छैन अशान्ति । त्यसैले देशमा दिगो शान्ति स्थापना गर्नाका लागि सर्वप्रथम यहाँका जनताहरु मैत्री, करुणा र अहिंसाको शिक्षा लिई नैतिकवान हुन नितान्त आवश्यक छ । नैतिकवान नागरिक विना समाज वा राष्ट्रमा शान्ति संभव हुन सक्दैन । तसर्थ धर्मको माध्यमबाट शान्तिको स्थापना गर्नु आवश्यक भैसकेको छ ।

शान्ति भन्ने शब्द सुन्न साथ भगवान बुद्ध र वहाँको धर्मबाट टाढा रहन सक्दैन । विगतका दिनहरुमा भएका घटनाहरुलाई नसम्झी भगवान बुद्धले भन्नु भएको "वैरभावले वैर कहिल्यै पनि शान्त हुदैन । अवैरभावले मात्र वैर शान्त हुन्छ" भन्ने सन्देशलाई आत्मसाथ गरी एकताबद्धको सूत्रमा बाँधि अगाडी बढेको खण्डमा मात्र देशमा दिगो शान्ति स्थापना गरी, सुन्दर शान्त नेपालको परि कल्पना गर्न सक्दछौं ।

*डा. राज कुमारी गुरुङ*
शिक्षिका

आम नेपाली नागरिकको एकमात्र इच्छा छ नेपालमा शान्ति छाउन सकोस । धेरै दुख र हण्डरको त्यो कालरात्री पार गरेर संविधानसभा मार्फत देशमा शान्ति छाउने विश्वास गरिएको छ । बुद्धभूमि नेपालमा आफ्नो कुशल वुद्धि विवेकको प्रयोग गरेर आमनेपाली नागरिकको इच्छानुकूल संविधान निर्माण गर्दा 'शान्ति' शब्द र व्यवहारलाई विर्सिएर देशमा शान्ति आउदैन । सरकार आफैले शान्तिप्रस्ताव संविधान सभामा राख्दैन । गैर सर कारी प्रस्तावको रुपमा त्यसलाई राख्नु पर्दछ । जसलाई बौद्धहरुले बढी सक्रियता देखाउनु पर्दछ ।

नेपाल भूपरिवेष्ठित मुलुक भएको हुनाले सबै छिमेकी देश संग मिलेर बस्न सक्नु पर्छ । अहंकाररहित मिलनसार व्यवहार नेपाल सरकारको प्रमुख गहना हो । समान सहयोग र सद्भाव पाउनको लागि सबै छिमेकी राष्ट्रसंग समान किसिमको व्यवहार हुनुपर्छ । मानव हित खातिर अन्य देशको तुलनामा नेपाल धेरै उदार भएर देखाउनु पर्छ । पाइलै पिच्छे धर्मको वखान, बयान र व्यवहार भए पछि मान्छेहरु एकापसमा झगडा, लुटपाट, मारामार गर्न हच्किन्छन् । एक अर्काको भलाई खातिर मरिमेट्ने संस्कारको विकास हुनुपर्छ । अत्याचार र हिंसा मौलाउने मौका दिनुहुदैन । हिंसा र हेपाहा प्रवृति सदाको लागि अन्त्य हुनुपर्छ, जस्को लागि धर्मलाई अगि सार्नुपर्छ । एउटा वकिलले मजदुरलाई नहेपोस् । एउटा धनीले गरिवलाई नलत्याओस् । एउछा ठूलो नेताले जनताको गुनासो सुनोस् । असन्तुष्ट पक्षको घाउमा मलमपट्टि लगाउने चाहना र साहस ठूला नेतामा होस । सत्मार्गमा लम्किन सत्यको साथमा जनताको हातमा आफ्नो सर्वस्व सर्वसमक्ष प्रस्तुत गरियोस । कपट रहित व्यवहारबाट मात्र दिगो शान्तिको कल्पना गर्न सकिन्छ । नटेर्नु, हेप्नु, मार्नु, अप्ठ्यारो पार्नु, अनाहकमा अर्काको सम्पति झार्नु, आदि कलह र अशान्तिका स्रोतहरु हुन । बुद्ध भूमि नेपाललाई सुन्दर शान्त र समुन्नत बनाउन बौद्ध मार्गीहरुलाई समेत सत्तामा सहभागी गराएर स्वार्थ रहित सरकारको साथमा र हेर तन मन धनले परोपकारमा लाग्नु पर्छ भन्ने भावना जनतामा जागृत गराए भने मात्र नेपालमा दिगोशान्तिको आधार तयार हुन सक्छ । बौद्ध मार्गीहरुलाई अलग्याएर, सनातन धर्म संस्कृति र संस्कारलाई लत्याएर दिगो शान्तिको कल्पना गर्न सकिदैन ।

*शेषराज भट्टराई*
फुलबारी ११, पोखरा
फोन- ५३०१२२

१. क. संभव भए सरकार कै तर्फबाट शान्ति प्रस्ताव पेश गर्न लगाउने

ख. सरकारले पेश नगरे शान्ति पक्षधर दलहरुलाई पेश गर्न आग्रह गर्ने

ग. ती दलहरुले पनि गरेनन् भने संविधान सभा सद्हरु मध्येका शान्तिका पक्षमा वकालत गर्ने सदश्यहरुलाई लविङ गरेर पेश गर्ने

घ. संविधान सभामा प्रतिनिधित्व गर्नै भिक्षु आनन्द मार्फत पनि पेश गर्न सकिन्छ।

२.क. दिगो शान्तिका लागि सव भन्दा वाधक हतियार हो हतियारको उत्मूलन पहिलो प्राथमिकता हो।

ख. समाजमा डर, त्रास र भयको वातावरण हट्नु पर्दछ।

ग. सबैलाई रोजी रोटीको व्यवस्था हुनुपर्दछ।

घ. राज्यको दृष्टि र व्यवहारमा सवै नागरिक बरावर हुनुपर्दछ।

ङ. शान्तिका प्रतीकका रुपमा भगवान बुद्ध भएकाले बुद्धको शिक्षा उपदेशको व्यापक प्रचार प्रसार गरी शान्ति संस्कृतिको निर्माण गरिनुपर्दछ।

८. प्रस्ताव

- संविधानसभामा प्रतिनिधित्व गरेका २५ वटै दल सम्मिलित गोष्ठी मार्फत् self sctualization गराएर।

- २५ दलमध्येका प्रमुख दलहरुका नेताहरुलाई ज्ञानपत्र दिए।

- संविधानसभाका कार्यव्यवस्था समितिका पदाधिकारहरुलाई स्मरणपत्र बुझाएर।

- २५ दलवाहेक संविधानसभामा प्रतिनिधित्व गर्ने मनोनित, मधेशी, महिला, दलित र जनजाति समूहका नेताहरुलाई अवगत गराएर।

दिगो शान्तिका आधार

-धैर्य, सहिष्णुता, संयम।

-समानुपातिक समावेशीकरण।

-राजनीतिक-सामाजिक-सास्कृतिक वहुदलवादलाई संस्थागत गर्नु

-भ्रष्टाचार नियन्त्रणलाई प्राथमिकता

-धनी र गरिव वीचको दरार कम गर्नु (गरिवी न्युनीकरण)

-विकासका लागि राष्ट्रिय सहमति।

-अधिकतम् विकेन्द्रीकरण।

-आध्यात्मिक पक्षहरुमा राजनीतिक प्राथमिकता।

*राजेन्द्रराज तिमिल्सिना*
नेपाल टेलिभिजन
काठमाण्डौं, नेपाल


**राजधानी बाहिरको एकमात्र**
**बौद्ध मासिक पत्रिका**
**धर्मचक्षु**
**वर्ष १० पूरा गरी ११ वर्षमा पदार्पण गरेको अवसरमा**
**धर्मचक्षु बौद्ध मासिक पत्रिकाको नियमितताको कामना गरी आगामी दिनमा यस्को स्तरियता अरू वृद्धि होस र बुद्धधर्मको प्रचारमा महत्वपूर्ण योगदान पुऱ्याउन सकोस् यही शुभकामना छ।**

**काजी बहादुर शाक्य**
**मानभवन, काठमाण्डौ**



काजिद न ३३ ०५३ ०५४ - मुद्रन ०१ ०५८ ०५९




१०० वर्ष भन्दा पहिलेदेखि निरन्तर सुनचाँदीको काम गरेर ग्राहकहरुको विश्वास जित्न सफल तथा आधुनिक डिजाइनका गरगहनाका लागि सबैले मन पराउने बुद्धाचार्य गहना गृहलाई तपाई पनि अवश्य सम्झनुहोस् ।

**राजेशमान बुद्धाचार्य**

प्रोप्राइटर